# हाम्रो अजयमेरु

# कक्षा ७

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**

# सुदूरपश्चिम प्रदेश, नेपाल

# हाम्रो अजयमेरु कक्षा - ७

## आधारभूत तह (कक्षा ६-८) को स्थानीय पाठ्यक्रम २०७८ मा आधारित


**लेखन तथा सम्पादन**

**लालबहादुर सेटी अजयमेरु गाउँपालिका**

**हरि प्रसाद पन्त अजयमेरु गाउँपालिका**

**देवराज पनेरु श्री सहश्रलिंग माध्यमिक विद्यालय अजयमेरु २ चमडा**

**नरेन्द्र प्रसाद पनेरु श्री सहश्रलिंग माध्यमिक विद्यालय अजयमेरु २ चमडा**

**करुणाकर पनेरु श्री देवल माध्यमिक विद्यालय अजयमेरु ६ देवल**



**संस्करण: २०८०।०८१**

**प्रकाशन तथा वितरक:**

**मूल्य:**



**यस पुस्तकको कुनै पनि अंशलाई अजयमेरु गाउँपालिकाको अनुमति बिना कुनै पनि माध्यमबाट पुनः उत्पादन गर्न पाइने छैन।**



**Website: ajayamerumun.gov.np**
**Email: ajayamerugaupalika@gmail.com**

# हाम्रो भनाई

नेपालको संविधान २०७२ को अनुसूची ८  मा उल्लेख भए बमोजिम एकल अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ ले दफा ११ (ज) मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय सरकारलाई हुने व्यवस्था गरे अनुसार संघीय सरकारको राष्ट्रिय पाठ्यक्रम २०७६ अनुसार आधारभूत तह (कक्षा ६-८) मा स्थानीय पाठ्यक्रम निर्माण गरि लागू गर्ने व्यवस्थानुसार अजयमेरु गाउँपालिकाले शैक्षिक सत्र २०७९ देखि आधारभूत तह कक्षा ६-८ मा लागू हुने गरि **'हाम्रो अजयमेरु'** स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ। विद्यालय तहमा लागू हुने गरि निर्माण गरिएको उक्त पाठ्यक्रममा अजयमेरु गाउँपालिका लगाएत समग्र सुदूरपश्चिम प्रदेशको प्राकृतिक, एतिहासिक, सास्कृतिक तथा पर्यटकीय क्षेत्र साथै यस क्षेत्रको विकास र सम्भावना बारे विद्यार्थीहरुलाई पठनपाठन गर्ने र सो पक्षको बारेमा सुसूचीत गर्ने उद्देश्यका साथ कार्यान्वयनमा रहेको छ।

यस अजयमेरु गाउँपालिका अन्तरगतका सबै विद्यालयमा पठनपाठन कार्यमा एकरुपता ल्याउने उद्देश्य राखि **'हाम्रो अजयमेरु'** नामक पाठ्यक्रममा आधारित भई **'हाम्रो अजयमेरु'** को प्रकाशन गर्न लागिएको छ। यस पुस्तिकाबाट यस पालिकामा रहेका विद्यालयमा उक्त विषय पठनपाठन गर्ने शिक्षकहरुका लागि कक्षा क्रियाकलाप संचालन तथा गाउँपालिका स्तरमा पठनपाठन तथा परीक्षा संचालन प्रक्रियामा एक रुपता ल्याउन समेत यो पाठ्यपुस्तिका उपयोगि स्रोत पुस्तिका हुने विश्वास पाठ्यपुस्तक लेखन तथा सम्पादन कार्य दलले अपेक्षा गरेको छ। पुस्तकमा भाषा र व्याकरण शुद्धताका लागि सक्दो ध्यान पर्‍याइएको छ। तैपनि पठनपाठनका क्रममा कहीँकतै कमीकमजोरी भेटिएमा मानवीय कमजोरी ठानी सुझावका लागि अनुरोध सहित अर्को संस्करणमा सुधार्ने प्रतिवद्धा व्यक्त गर्दछौं। यस पुस्तिकामा राखिएका जानकारी तथा एतिहासिक र धार्मिक पक्षहरुको बारे विभिन्न स्रोतहरुको अध्ययन तथा प्रयोग गरिएको बारे समेत जानकारी गरिन्छ। यस पुस्तिकालाई अझ प्रभावकारी र उपयोगी बनाउन लेखन तथा सम्पादन मण्डललाई सल्लाह तथा सुझावहरु उपलब्ध गराई यसको परिमार्जनमा सहयोग मिल्ने छ भन्ने विश्वास लिईएको छ।

अन्तमा यो पाठ्यपुस्तक लेखन तथा सम्पादनमा विभिन्न कोणबाट सहयोग पुर्‍याउने यस गाउँपालिकाका अध्यक्ष श्री उमेश प्रसाद भट्ट 'विकास', उपाध्यक्ष श्री वसन्ती पाल, वडा अध्यक्षहरु र विद्यालयका प्रधानाध्यापक तथा शिक्षक लगाएतका सबै सरोकारवालाहरुका साथै गाउँपालिका बासीहरुप्रति कृतज्ञता व्यक्त गर्दछौं।

## विषय सूची

**एकाइ** **पृष्ठ संख्या**

**एकाइ १ अजयमेरुको परिचय र हाम्रा छिमेकी**

पाठ-१ अजयमेरुको इतिहास

पाठ-२ अजयमेरु गाउँपालिकाका छिमेकी पालिका र जिल्लाहरु

पाठ-३ कैलाली

पाठ-४ दार्चुला

पाठ-५ अजयमेरुको वडागत जनसंख्या

**एकाइ -२ हाम्रा आर्थिक क्रियाकलापहरु**

पाठ-१ पेसा व्यवसायको महत्व

पाठ-२ डडेल्धुरामा संचालित तालिमहरु

पाठ- ३ कृषि, पशुपन्छी, प्राकृतिक तथा औद्योगिक उत्पादन

पा-४ जडिवुटी र परम्परागत व्यवसायहरु

पाठः ५ परम्परागत प्रविभि तथा व्यवसायहरु

पाठ-५ आधुनिक प्रविधि तथा उपकरण

**एकाइ-३ हाम्रा विकास कार्यहरु**

पाठ-१ विकासका कार्यहरु

पाठ-२ पर्यटन विकासको सम्भावना

पाठ-३ दिगो विकासको परिचय र महत्व

पाठः ४ दोधरा चाँदनी

**एकाइ -४ हाम्रो संस्कृतिक परम्परा र मूल्य मान्यता**

पाठ-१ हाम्रा चाडपर्व

पाठ-२ हाम्रा सामाजिक संस्कार

पाठ-३ हाम्रो मौलिक परिकार

**एकाइ -५ सामाजिक ख्यातिप्राप्त व्यक्तित्व**

पाठ-१ डा. के.आई सिह

पाठ-२ जयपृथ्वी बहादुर सिंह

पाठ-३ पहलमान सिंह स्वाँर

**एकाइ -६ हाम्रा प्राकृतिक, एतिहासिक तथा धार्मिक सम्पदाहरु**

पाठ-१ हाम्रा प्राकृतिक, एतिहासिक र धार्मिक सम्पदा

पाठ-२ हाम्रा सम्पदा र तिनका विशेषता

पाठः ३ हाम्रा मुख्य प्राकृति स्रोतहरु

**एकाइ-७ हाम्रो सुदूरपश्चिम**

पाठ-१ सुदूरपश्चिम प्रदेशका जिल्लाहरुको भौगोलिक वनावट र अवस्थिति

पाठ- २ सुदूरपश्चिमका भित्रका पर्यटकीय स्थलहरुको महत्व

पाठ-३ प्रदेश भित्रका औद्योगिक र व्यापारिक केन्द्रहरु

पाठ-४ प्रदेशस्तरका ताल, नदी तथा हिमाल

पाठः ५ प्रदेशका निर्वाचन क्षेत्रहरु

**एकाइ- ८ विपद व्यवस्थापन र हरित विद्यालय**

पाठ-१ विपद

पाठ-२ हाम्रा सामुदायिक संघ संस्थाहरु

पाठ-३ तिन तारे विद्यालय

## एकाइ-१ अजयमेरुको परिचय


पाठः १ अजयमेरुको इतिहास

पाठः २ अजयमेरु गाउँपालिकाका छिमेकीहरु

पाठः ३ कैलाली

पाठः ४ दार्चुला

पाठः ५ अजयमेरु गाउँपालिकाको वडागत जनसंख्या

# पाठ: १ अजयमेरुको इतिहास





**अजयमेरु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**





अजयमेरू कोट देवल

जुम्ला राज्यको सिंजा उपत्यकाका प्रतापी राजाहरुले राज्य संचालन र बस्ती विस्तार गर्ने क्रममा निर्माण गरेको दरवार मध्ये अजयमेरु गाउँपालिका वार्ड नं.२ हाटकोट भन्ने स्थानमा बहुचर्चित अजयमेरुकोट रहेको छ । ऐतिहासिक पाटोबाट हेर्दा अजयमेरुकोटको स्थापना कत्युरी वंशका पाल राजाहरुले निर्माण गरेका प्रमाण भेटिन्छन । वि.सं. १४१९ सम्म अजयमेरुकोट कत्युरी वंशका पाल राजाको डोटी क्षेत्रको कोट मानिन्थ्यो । वि.सं १४४१ मा भेटिएको अभिलेख अनुसार रैका वंशका नाग मल्लको कोट रहेको हुनाले वि.सं. १४४१ पछि नागी मल्लको कोट अजयमेरु भनिएको हो । तर ११ औं शताब्दी तिर भने यो कोट कत्युरी राजवंशका राजा अजय पालदेवलले स्थापना गरेका थिए भन्ने भनाइ पनि रहेको छ ।




अजयमेरु गाउँपालिकाको स्थापना सँगै अजयमेरु कोटको प्रचार तथा विकासका लागि वि.स. २०७६ बैशाख ४ देखि ८ गतेसम्म ५ दिने अजयमेरु महोत्सव आयोजना गरिएको थियो । यस क्षेत्रको संस्कृति, कला र खेलकुदको संरक्षण तथा प्रवर्द्धन गर्ने यस महोत्सवको मुख्य उद्देश्य रहेको थियो । यस दरवार रहेको क्षेत्र वरिपरी रहेका कलात्मक देवल तथा ऐतिहासिक महत्व वोकेका प्राचीन नौलाहरुले प्राचीन कला तथा

संस्कृतिको झल्को दिने गर्दछन् । कलकल बग्ने सानो खोला तथा ताल तलैया र वन क्षेत्र यसका महत्वपूर्ण आकर्षणका पाटा हुन् । ढुङ्गामा रहेका कलात्मक कला र ढुङ्गै ढुङ्गाले बनेका देवल तथा विश्राम स्थल पनि निकै आकर्षकका केन्द्र हुन् । ऐतिहासिक महत्व बोकेको अजयमेरुकोट पछिल्लो समय कोट क्षेत्र अतिक्रमणको चपेटामा पर्दा सयौं वर्ष पुरानो इतिहास मेटिने अवस्थामा पुगेको छ । कोटमा रहेका ढुङ्गा र शिलालेख समेत चोरी भइसकेको स्थानीय वासिन्दाको भनाइ रहेको छ । करिब ७ सय वर्ष पुरानो इतिहास वोकेको अजयमेरुकोट अतिक्रमणको चपेटामा परेको छ । यस क्षेत्रमा भएका देवल र दरवार नजिक स्थानीय वासिन्दाले खेती गर्न थालेपछि अजयमेरुकोट अतिक्रमणको चपेटामा परेको हो । राष्ट्रिय सम्पदा सूचीमा राख्नको लागि पर्याप्त आधार हुदाहुदै पनि यो क्षेत्रको उचित मर्मत संभार अध्ययन प्रचार प्रसार नहुँदा सयौ वर्ष इतिहास बोकेको अजयमेरुकोट इतिहासमा सिमित हुने भएको छ । यसका लागि एउटा गुरु योजना बनाएर पुरातात्विक विभागमा सम्पर्क गर्नु अनिवार्य छ । यो कोटको मर्मत संम्भार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटक भित्र्याएर पर्यटकीय स्थलमा रुपान्तरण गर्न सके यहाँका वासिन्दाको आर्थिकस्तर वृद्धि हुने देखिन्छ । विविध शिल्प कलात्मक पक्षसँग गाँसिएको अजयमेरु कोटसम्मको वर्तमान पहुँच मार्ग सँगसँगै यसको व्यापक प्रचार प्रसार गर्ने र यसको संरक्षणमा सम्बन्धीत पक्षको ध्यान दिने हो भने पर्यटकीय हिसावले अजयमेरुको मुख्य आम्दानीको स्रोत बन्ने देखिन्छ ।

यसै गरि अजयमेरु गाउँपालिका अन्तरगत रहेका विभिन्न देवलहरु तथा मठ मन्दिर र बागकोट गुफा लगायतका पर्यटकीय क्षेत्रहरुको संरक्षण, विकास तथा प्रचार प्रसार गर्न सकिएमा यस क्षेत्रको विकासमा थप टेवा पुग्ने देखिन्छ ।

अभ्यास

१. तलका प्रश्नको उत्तर दिनुहोस् ।

क) अजयमेरु कोट कुन ठाउँमा रहेको छ ?

ख) नाग मल्ल कुन वंशका राजा थिए ?

ग) अजयमेरुकोट कसरी अतिक्रमणको चपेटामा परेको छ ?

घ) के कस्ता क्रियाकलापबाट अजयमेरुको इतिहास मेटिने अवस्थामा पुगेको छ ?

ङ) अजयमेरुकोटको मर्मत संभार कसरी गर्न सकिएला ?

च) अजयमेरु कोटमा कहिले र किन महोत्सव आयोजना गरएको थियो ?

२. खाली ठाउँ भर ।

(क) अजयपालदेव............ वंशका राजा थिए ।
(रैका/कत्युरी)

(ख) अजयमेरुकोट पछिल्लो समयमा..................को चपेटामा परेको छ ।
(अतिक्रमण/संक्रमण)

(ग) अजयमेरुकोटको मर्मत गरी........................... भित्र्याउन सकिने संभावना रहेको छ । (पर्यटक/स्थानीय बासिन्दा)

(घ) अभिलेख अनुसार अजयमेरुकोट..........................................राजाको भएको प्रमाणित हुन्छ । (अयज मल्ल/नागी मल्ल)

(ङ) अजयमेरुकोट .....................................भन्ने ठाउँमा रहेको छ। (पिपलकोट/ हाटकोट)

**परियोजना कार्य**

- विधार्थीहरुबाट अजयमेरुकोटको भ्रमण गराई त्यहाँ भएका ऐतिहासिक वस्तुहरु के-के छन? अवलोकन गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।
- आफ्नो बसोवास गरेको ठाउँ वा विद्यालय नजिक रहेको कुनै ऐतिहासिक ठाउँको अवलोकन गरी प्रतिवेदन लेख्नुहोस् ।

# पाठ -२ अजयमेरु गाउँपालिकाका छिमेकीहरु




रमणीय गाउँपालिका हाम्रो अजयमेरु
नगर अनि गाउँपालिका छिमेकमा अरु ।।
६ वटै वडाको केन्द्र रहेको भद्रपुर
समैजी चमडा देवल राजुल अनि चिपुर ।।

अमरगढी पूर्वमा छ  मेलौली पश्चिममा
उत्तरमा पाटन यसको भागेश्वर दक्षिणमा ।।
मेलौली र पाटन दुवै नगरपालिका
छिमेकमा रहेका छन  जिल्ला बैतडीका ।।



अर्को नगरपालिका हो  अमरगढी हाम्रो
गाउँपालिका भागेश्वर नाम कति राम्रो ।।
यी ठाउँहरु  रहेका छन हाम्रो छिमेकमा
पूर्व पश्चिम उत्तर दक्षिण चारै सिमानामा ।।

ऐतिहासिकता बोकेको छ अमरगढी किल्ला
७ वटा पालिका छन डडेल्धुरा जिल्ला ।।
साधन स्रोतको प्रयोग गरौ भए भरको जति
छिमेकबाट सहयोग मागौ कमी भए कति ।।

**रचनाकार: करुणाकर पनेरु**

### १. अमरगढी नगरपालिका:

डडेल्धुरा जिल्लाको सदरमुकाम समेत रहेको अमरगढी नगरपालिका अजयमेरु गाउँपालिकाको पूर्वमा पर्ने नगरपालिका हो। नेपालको एकीकरणमा वीरतापूर्वक लडाँइ गर्ने राष्ट्रिय विभूति अमर सिंह थापाले आफ्नो विजय अभियान सफल पार्न निर्माण गर्न लगाएको अमरगढी किल्ला हो । यसै किल्लाको नामबाट नगरपालिकाको नाम अमरगढी किल्ला राखिएको हो। यो नगरपालिकामा ११ वार्ड हरु छन भने यसको स्थापना वि.सं. २०५४ सालमा भएको हो।

### २. मेलौली नगरपालिका:





बैतडी जिल्लाको तल्लो सोराड भनेर चिनिने यो क्षेत्रमा बैतडीकै प्रमुख भगवती मेलौली माताको मन्दिर रहेको छ। तिनै मेलौली माताको मन्दिर बाट यो नगरपालिकाको नाम मेलौली नगरपालिका राखिएको हो। अजयमेरु गाउँपालिकाको पश्चिममा पर्ने यो नगरपालिका मा ९ वार्डहरु छन भने यस्को स्थापना वि.सं. २०७३ मा भएको हो

२. पाटन नगरपालिका:





पाटन एयरपोर्ट



बैतडी जिल्लाको प्रमुख व्यापारिक केन्द्र पाटनकै नामबाट यो नगरपालिकाको स्थापना वि.सं. २०७१ सालमा भएको हो । अजयमेरु गाउँपालिकाको उत्तरमा पर्ने यो नगरपालिकामा १० वटा वार्ड कार्यालय रहेका छन । आन्तरिक उडानका लागि यस क्षेत्रका मानिसको आवत जावतका सहजताका लागि पाटनमा विमानस्थल समेत रहेको छ ।

३. भागेश्वर गाउँपालिका:






डडेल्धुरा जिल्लाका बगरकोट, भागेश्वर र रुपाल गा.वि.स लाई मिलाएर यो गाउँपालिकाको स्थापना विं.स् २०७३ मा भएको हो । यस क्षेत्रकै प्रसिद्ध मन्दिर भागेश्वरको नामबाट यो गाउँपालिकाको नामाकरण गरिएको हो । अजयमेरु गाउँपालिकाको दक्षिणमा पर्ने यो गाउँपालिकामा ५ वार्ड रहेका छन । धार्मिक पर्यटन, लघु जलविधुत्त, जडीबुटी उत्पादन तथा प्रशोधनको प्रचुर संभावना भएको यो गाउँपालिका हो । तरकारीका लागि पकेट क्षेत्र रहेको यस गाउँपालिकाका किसानहरुले तरकारी तथा फलफूलको व्यावसायिक खेती गर्ने गरेका छन् ।

**अभ्यास**

**१ तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

(क) अजयमेरु गाउँपालिकाको दक्षिणमा रहेको पालिकाको नाम के हो ?

(ख) अमरगढी नगरपालिकाको नामाकरण कसरी गरिएको हो ?

(ग) अजयमेरु गाउँपालिका सँग जोडिएका नगरपालिका कुन-कुन हुन ?

(घ) भागेश्वर गाउँपालिकाको बारेमा एक अनुच्छेदमा लेख्नुहोस् ।

(ङ) अमर सिंह थापाले अमरगढी किल्लाको निर्माण किन गर्न लगाएका थिए ?

**परियोजना कार्य**

१. शिक्षकको सहयोगमा बैतडी र डडेल्धुरा जिल्लामा रहेका स्थानीय सरकार (गाउँपालिका/ नगरपालिका) को सूची तयार पार्नुहोस् ।

२. छिमेकमा रहेका गाउँपालिका र नगरपालिकाको भ्रमण गरी त्यहाँ रहेका प्राकृतिक तथा ऐतिहासिक, धार्मिक सम्पदाको बारेमा उल्लेख गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ:३ कैलाली

नेपालको सुदूरपश्चिम प्रदेशमा अवस्थित एक जिल्ला हो । यस जिल्लाको सदरमुकाम धनगढी रहेको जिल्लाले ३,२३५ वर्ग किलोमिटर (१,२४९ वर्ग माइल) क्षेत्रफल ओगटेको छ र जनसङ्ख्या ९११,१५५ (२०७८) छ । कैलाली जिल्लाको पूर्वमा-कर्णाली नदी, बर्दिया र सुर्खेत, पश्चिममा-कञ्चनपुर र डडेल्धुरा, उत्तरमा-डोटी डडेल्धुरा र सुर्खेत, दक्षिणमा- मोहना नदी र भारतको उत्तर प्रदेश राज्यहरू रहेका छन् ।



घोडाघोडी ताल

**सदरमुकाम धनगढी**

| **जनसङ्ख्या** (२०७८) | |
|---|---|
| • **जम्मा** | ९११९५५ |
| • **घनत्व** | २८१ प्रति वर्ग किमि |

**नामाकरण**

कैलाली जिल्लाको नामाकरण सम्वन्धमा विभिन्न मतहरू रहेका छन् । ती मध्ये प्रमुख मतहरू यसप्रकार रहेका छन् । परापूर्व कालमा कैलाली जिल्लामा कालाबन्जारको राज्य थियो र उनीहरूको सदरमुकाम आजको कैलाली नाम गरेको गाउँमा थियो । त्यस ठाउँलाई पहिले कालापानी भन्ने गरिन्थ्यो। पहिलेको समयमा कसैले अपराध गरेको खण्डमा अपराधिहरूलाई यसै ठाउँमा पठाएर सजाए दिने गरिन्थ्यो । माथि कालापानी नामले बग्ने नदी तल आएर खुटिया खोलाको नामले प्रसिद्ध छ । सम्भवत यही कारणले पनि शव्दको अपभ्रंस हुँदै गएर यसको नाम

कैलाली रहेको हुन सक्छ । प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणाको समयमा कैलाली नयाँ मुलुकको रूपमा नेपाललाई हस्तान्तरण गरिएको थियो । सुदूरपश्चिम प्रदेशको राजधानी तथा प्रदेशकै मुख्य औद्योगीक क्षेत्रका रुपमा रहेको कैलाली जिल्ला सुदूरपश्चिमको मुख्य खाद्यान्न वाली उत्पादन हुने जिल्ला पनि रहेको छ । पहाडि जिल्लाहरुबाट यस क्षेत्रमा उपलब्ध सेवा लिन समेत मानिसहरुको अत्यधिक वसाई सराई भईरहेको छ । यस प्रदेशका अन्य जिल्लाको हकमा सबै भन्दा विकास भएको जिल्ला पनि हो ।

**भूगोल**

२८ ° २२' उत्तर देखी २९°०५' उत्तरी अक्षांस सम्म र ८०°३०' पूर्व देखी ८१°१८' पूर्वी देशान्तर सम्म
सिमाना-पूर्व कर्णाली नदी ,बर्दिया र सुर्खेत ,पश्चिम- कञ्चनपुर र डडेल्धुरा

उत्तर-डोटी ,डडेल्धुरा र सुर्खेत , दक्षिण-मोहना नदी र भारतको उत्तर प्रदेश राज्य

क्षेत्रफलः ३२३५ वर्ग किमि

**प्रशासनिक विभाजन**

जिल्लामा १३ स्थानीय तह छन्, जसमध्ये एउटा उपमहानगरपालिका, ६ नगरपालिका र ६ वटा गाउँपालिका छन्।

**कैलाली जिल्लाका स्थानीय तहहरू**

| स्थानीय तह | वडा सङ्ख्या | केन्द्र | जनसङ्ख्या २०७८ |
|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | १९ | धनगढी | १९८,७९२ |

| | | | |
|---|---|---|---|
| लम्कीचुहा नगरपालिका | १० | भल्का | ९०,९७१ |
| टिकापुर नगरपालिका | ९ | टीकापुर | ८९,८३५ |
| घोडाघोडी नगरपालिका | १२ | सुखड | ८६,०३४ |
| भजनी नगरपालिका | ९ | भजनी त्रिशक्ति | ५३,४९४ |
| गोदावरी नगरपालिका | १२ | अत्तरिया | ९८,७४६ |
| गौरीगङ्गा नगरपालिका | ११ | चौमाला | ६४,५५८ |
| जानकी गाउँपालिका | ९ | दुर्गौली | ४९,८६० |
| बर्दगोरिया गाउँपालिका | ६ | मुडा | ३७,६८२ |
| मोहन्याल गाउँपालिका | ७ | खिमडी | २१,०८२ |
| कैलारी गाउँपालिका | ९ | कैलारी | ४९,९१७ |
| जोशीपुर गाउँपालिका | ७ | जोशीपुर | ३७,१८७ |
| चुरे गाउँपालिका | ६ | घरखेडा | २१,४०० |

| | |
|---|---|
| **क्षेत्रफल** | |
| **• जम्मा** | ३,२३५ किमी$^{२}$ (१२४९ वर्ग माइल( |

**अभ्यास**

**१.** कैलाली जिल्लाका स्थानीय तहको सूची बनाउनुहोस् ।

२. घोडाघोडी नगरपालिकाको छोटो परिचय लेख्नुहोस् ।

३. कैलाली जिल्लाको क्षेत्रफल कति रहेको छ ।

४. कैलाली जिल्लाको औद्योगिक क्षेत्रहरुका बारेमा लेख्नुहोस् ।

**परियोजना कार्य**

कैलाली जिल्ला सुदूरपश्चिम प्रदेशको राजधानीको रुपमा परिचत भएको बारे यहाँलाई ज्ञात नै छ । यस क्षेत्रको विकास लगायत धार्मिक, पर्यटकीय, ऐतिहासिक विकास बारे संक्षेपमा बर्णन गर्नुहोस् ।

# पाठः ४ दार्चुला



दार्चुला जिल्लाको सिमाना पूर्वमा बझाङ जिल्ला, पश्चिममा भारतको उत्तराखण्ड राज्यको पिथौरागढ, उत्तरमा चिनको स्वशाषित प्रदेश तिब्बत र दक्षिणमा बैतडी जिल्लासँग जोडिएको छ। विश्व मान चित्रमा यो जिल्ला २९ डिग्री ३६ मिनेट उत्तर देखि ३० डिग्री १५ मिनेट उत्तरी अक्षांश र ८० डिग्री २२ मिनेट पूर्व देखि ८१ डिग्री ०९ मिनेट पूर्वी देशेन्तरसम्म फैलिएको छ। यस जिल्लाको कुल क्षेत्रफल २३२२ वर्ग किलोमिटर छ । समुद्री सतहबाट यो जिल्ला ५१८ मिटर देखि ७१३२ मिटर सम्मको उचाइमा रहेको छ। अतिशीत, शितोष्ण, शमसिष्ण, अर्ध शितोष्ण, लेकाली हावापानी भएको यस जिल्लाको भू उपयोगको अवस्था विश्लेषण गर्दा कुल क्षेत्रफल २३२९५९.५ हेक्टर मध्य खेतीयोग्य जमिन ६१२१५ हेक्टर, वन क्षेत्र ७२९८२.३ हेक्टर, चरन क्षेत्र २४.९६४ हेक्टर, झाडी बुट्यान क्षेत्र ६५५५.२ हेक्टर र अन्य क्षेत्र ६७२४३ हेक्टर रहेको छ। भू-विभाजन अनुसार दार्चुला जिल्लाको भूगोललाई समथर प्रदेश, पहाडी प्रदेश, लेकाली प्रदेश र हिमाली प्रदेश गरी चार भागमा विभाजन गरेर हेर्न सकिन्छ।

## जलवायु

हिमाली जिल्ला भएकोले दार्चुला जिल्लाको मौसम जाडोमा धेरै चिसो हुन्छ। यहाँको वार्षिक औषत वर्षा २१२९ मिलि मिटर रहेको छ। यहाँको वार्षिक औषत तापक्रममा न्यूनतम तापक्रम ५.७० डिग्री

सेलसियस र अधिकतम तापक्रम २८.६० सेलसियस रहेको पाइन्छ ।दार्चुला जिल्लाको भौगोलिक बनोटमा देखिएको विविधता झैँ हावापानी तथा वातावरणमा पनि विविधता देखिन्छ। तसर्थ यस जिल्लाको हावापानी तथा वातारणलाई सितोष्ण, समसितोष्ण र अतिसितोष्ण गरेर विविध तिन भागमा विभाजन गर्न सकिन्छ ।जिल्लाको पश्चिम दक्षिणमा नदीका समथर बेसीहरूमा उष्ण हावापानी पाइन्छ ।ग्रिष्ममा अत्यधिक गर्मी र हिउँदमा आंशिक रूपमा चिसो हुनु यस हावापानीको मुख्य विशेषता हो । खास गरी साविकका गोकुश्वर, लाली, उकु, दत्तु आदी गाविसहरू जुन समुद्र सतह देखि करिब ५१८ मिटर को उचाइमा रहेका छन् त्यहाँ यस किसिमको हावापानी पाइन्छ । समसितोष्ण हावापानी जिल्लाको मध्य भागमा रहेको भू - भागमा पाइन्छ । गर्मी याममा त्यति गर्मी नहुनु र जाडो याममा पनि त्यति चिसो नहुनु यो हावापानीको मुख्य विशेषता हो । साविकका रिठाचौपाता, शंकरपुर र छापरी गाविसहरूमा समसितोष्ण हावापानी पाइन्छ ।



## पर्यटन

अपि हिमाल

दार्चुला जिल्ला एक हिमाली जिल्ला हो । यहाँको सबै भन्दा बढी उचाइँ भएको ठाउँ अपी हिमाल (उचाइँ-७१३२ मि.), नाम्पा हिमालय (उचाइँ-६७५५ मि.) र त्रिशुल हिमाल (उचाइँ-) चुचुरा हुन् भने सबै भन्दा होचो स्थान जौलजीवी हो । दार्चुला जिल्लामा पवित्र तीर्थ स्थल ओम पर्वत पनि पर्दछ । त्यसै गरी **कालापानी र लिम्पिया धुरा** पनि नेपाल कै भूमि अन्तर्गत पर्दछन् । यस्तै चिनको तिब्बतमा अवस्थित हिन्दु धर्मावलम्बीहरूको महत्त्वपूर्ण तीर्थ स्थल तथा पर्यटकीय महत्त्व समेत बोकेको मानसरोवर जाने प्रमुख मार्गको रूपमा समेत यो जिल्लामा रहेको छ । यस जिल्लाको सदरमुकाम खलङ्गा भारतको धारचुलासँग जोडिएको छ । खलङ्गा बजार महाकाली नदीको किनारामा अवस्थित एक सुन्दर सहर हो । यो जिल्ला पर्यटकीय तथा धार्मिक स्थलहरूको क्षेत्रमा निकै धनि रहेको छ । यस जिल्लाका पर्यटकीय तथा धार्मिक स्थलहरूमा घुषा गाविसको अपि हिमाल समुद्र सतह देखि ७१३२ मीटर उचाइंमा अवस्थित छ। व्यास गाविसमा पर्ने व्यास हिमाल समुद्र सतह देखि ६७७० मिटर उचाइमा अवस्थित छ र नाम्पा हिमाल समुद्र सतह देखि ६७५४ मिटरको उचाइमा अवस्थि छ । उकु गाविसको महलको भग्नावशेष पनि एक पर्यटकीय विन्दु हो । खण्डेश्वरीको सुर्मासरोवर एक धार्मिक तथा पर्यटकीय स्थल हो भने समुद्र सतह देखी ५००० मिटरको उचाइमा रहेको लिपु लेक पनि पर्यटकहरूका लागि निकै

मनमोहक स्थल हो । खण्डेश्वरीको धर्मी गुफा पनि एक अर्को महत्त्वपूर्ण स्थल हो । मालिकार्जुन गाविसको शिखरडाँडा र मालिकार्जुन मन्दिर पनि महत्त्वपूर्ण स्थलहरू हुन् । हुनैनाथ गाविसमा रहेको हुनैनाथ मन्दिर लेकम गाउँपालिकाको जयपुर मन्दिर, मालिकार्जुन मन्दिर मैखोली र ऐडिवाग मन्दिर मैखोली बोहरीगाउँको बन्तोली मन्दिर, देवल गाविसको महलको भग्नावशेष, गोकुलेश्वर गाविसको गोकुलेश्वर शिव मन्दिर, लटीनाथ गाविसको लटीनाथ मन्दिर पनि यहाँका महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरू हुन् । यसका साथै यस जिल्लामा रहेको अपि नाम्पा संरक्षण क्षेत्र पनि यस जिल्लाको एक पर्यटकिय केन्द्र विन्दु हो । यसै गरि उकू, बाकु लाली यो जिल्लाका भकारी हुन ।

**प्रशासनिक विभाजन**

स्थानीय तह पुनर्संरचना अनुसार दार्चुला जिल्ला एक संसदिय विकास क्षेत्र २ नगरपालिकाका १८ वटा वडा र ७ गाउँपालिकाका ४३ वटा वडा गरी जम्मा ६१ वटा वडाहरूमा विभाजित छ। व्यास गाउँपालिका भारत र चिनसँग सिमाना जोडिएको छ भने दुहुँ गाउँपालिका, महाकाली नगरपालिका, मालिकार्जुन गाउँपालिका र लेकम गाउँपालिका भारतसँग सिमाना जोडिएको छ ।

**दार्चुला जिल्लाका स्थानीय तहहरू**

| स्थानीय तह | वडा सङ्ख्या | केन्द्र | जनसङ्ख्या २०७८ |
|---|---|---|---|
| महाकाली नगरपालिका | ९ | खलङ्गा | २४,०८१ |
| शैल्यशिखर नगरपालिका | ९ | गोकुलेश्वर | २१, ८०७ |
| अपिहिमाल गाउँपालिका | ६ | खाण्डेश्वरी | ६, ७९८ |
| दुहुँ गाउँपालिका | ५ | हिकिला | ९, ८४२ |
| नौगाड गाउँपालिका | ६ | होपरीगाड | १५, ५२८ |
| मार्मा गाउँपालिका | ६ | लटिनाथ | १५, १२४ |
| मालिकार्जुन गाउँपालिका | ८ | शंकरपुर | १५,६३५ |
| लेकम गाउँपालिका | ६ | रातमाटा | १३, ७४३ |
| व्याँस गाउँपालिका | ६ | सून्सेरा | ९, ६६८ |

**अभ्यास**

१. कालापाली र लिम्पियाधुरा कुन जिल्लामा पर्दछ ?

२. दार्चुला जिल्लामा कति वटा स्थानीय तहहरु रहेका छन् ?

३.  दार्चुला जिल्लामा रहेका पर्यटकीय स्थलहरु उल्लेख गरी धार्मिक तथा प्राकृतिक स्थलहरु छुट्याउनुहोस्।


४. दार्चुला जिल्ला कुन नदीको किनारमा रहेको छ ?

५. अपि हिमालको उचाई कति रहेको छ ?

**परियोजना कार्य**

डडेल्धुरा जिल्ला र दार्चुला जिल्लाको तुलनात्मक तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस्।

# पाठ -५ अजयमेरु गाउँपालिकाको वडागत जनसंख्या




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

कुनै पनि गाउँ, ठाउँ, शहर वा देशमा जाति, भाषा, धर्म, लिङ्ग, उमेर, पेसा र शैक्षिक स्थितिका आधारमा गरिने जनसंख्याको अध्ययनलाई जनसंख्या वनौट भनिन्छ। यसरी जनसंख्याको वनोट हेर्दा हरेक ठाउँ वा देशमा जनसंख्याको वनोटमा विवधता पाइन्छ। यसैगरी देशको भौगोलिक अवस्था, प्रशासनिक तथा संघीय विभाजनका आधारमा जनसंख्या कहाँ, कस्तो र कति फैलाएर बसेको छ भन्नुलाई जनसंख्या वितरण भनिन्छ। नेपालमा जनसंख्या वितरणको अवस्था हेर्दा हिमाली क्षेत्रमा निकै कम जनसंख्या रहेको छ । पहाडी क्षेत्रमा तराई भन्दा कम र हिमाल भन्दा बढी जनसंख्या रहेको छ।

कुनैपनि ठाउँको जनसंख्या वितरण त्यस ठाउँको हावापानी, माटो, धरातलीय स्वरुप, सेवा सुविधाको पहुँच रोजगारी आदिमा भर पर्छ।

| वार्ड न | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | १२५२ | १००४ | २२५६ |
| २ | १८९० | १६०० | ३४९० |
| ३ | १०२८ | ८८२ | १९१० |
| ४ | १२४७ | १११९ | २३६६ |
| ५ | १४२९ | १२२० | २६४९ |
| ६ | १२९४ | ११९६ | २४९० |
| जम्मा | ७०२१ | ८१४० | १५१६१ |

जस अनुसार अजयमेरु गाउँपालिका पहाडी क्षेत्रमा पर्ने भएकाले यहाँ जनसंख्याको चाप कम रहेको छ। वि.सं. २०७८ सालको जनगणना अनुसार अजयमेरु गाउँपालिकाको कुल जनसंख्या १५१६१ रहेको छ। जसमध्ये महिलाको संख्या ७०२१ र पुरुषको संख्या ८१४० रहेको छ। वडागत रुपले यस गाउँपालिकामा भएको जनसंख्या विवरण यस प्रकार रहेको छ । ६ वटा वडा रहेको अजयमेरु गाउँपालिकामा जनसंख्याका आधारमा सवैभन्दा वढी जनसंख्या वार्ड.नं २ को रहेको छ। भने सवैभन्दा कम जनसंख्या वार्ड.नं. ३ को रहेको छ। हरेक वार्डमा महिला भन्दा पुरुषको संख्या कम रहेको छ भने पुरै अजयमेरु गाउँपालिकामा पनि पुरुषको संख्या महिलाको संख्या भन्दा १११९ ले कम रहेको छ। यसै गरि यस गाउँपालिकाको जनघनत्व १०२ र जम्मा घरधुरी संख्या ३४५३ रहको छ। साथै अजयमेरु गाउँपालिकाको साक्षरता दर ७५.७% जसमध्ये पुरुषको साक्षरता दर ८८.४% र महिलाको ६४.९% रहेको छ।

## डडेल्धुराको जनसंख्या विवरण

| डडेल्धुरा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | साक्षरता दर (%) | | | |
| स्थानीय तह | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औषत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व | जम्मा | पुरुष | महिला |
| अजयमेरु गाउँपालिका | ३४५३ | १५१६१ | ७०२१ | ८१४० | ४.३९ | ८६.२५ | -१.१४ | १०२ | ७५.६६ | ८८.४३ | ६४.८९ |
| आलिताल गाउँपालिका | ३७१० | १८८११२ | ८७५६ | ९३५६ | ४.८८ | ९३.५९ | -०.२२ | ६२ | ८१.०३ | ८९.४७ | ७३.२३ |
| अमरगढी नगरपालिका | ६१८२ | २४१४९ | ११८१० | १२३३९ | ३.९१ | ९५.७१ | १.२३ | १७३ | ८१.८३ | ९२.०६ | ७२.३० |
| भागेवर गाउँपालिका | २७९४ | १३१३२ | ६३०४ | ६८२८ | ४.७० | ९२.३३ | -०.७० | ५६ | ८० | ९१.०८ | ६९.९८ |
| गन्यापधुरा गाउँपालिका | ३२८१ | १३७२२ | ६०६४ | ७६५८ | ४.१८ | ७९.१९ | -०.९१ | १०१ | ७४.०९ | ८७.५३ | ६३.९८ |
| नवदुर्गा गाउँपालिका | ४३१८ | १८६७२ | ८१९६ | १०४७६ | ४.३२ | ७८.२४ | -०.६४ | १३२ | ७२.१४ | ८५.३२ | ६२.२८ |
| आलिताल गाउँपालिका | ७४३४ | ३५५९० | १६७४१ | १८८४९ | ४.७९ | ८८.८२ | ०.१७ | ८६ | ७८.७४ | ८८.०६ | ७०.७० |

**अभ्यास**

क) जनसंख्या वितरण भनेको के हो ?

ख) जनसंख्या वनोटलाई कति भागमा वर्गीकरण गर्न सकिन्छ ? नाम लेख्नुहोस् ।

ग) जनसंख्या वितरण कुन कुन कुरामा भरपर्दछ ?

घ) अजयमेरु गाउँपालिकामा जनसंख्याका आधारमा सवभन्दा ठूलो वडा कुन हो ?

ङ) वि.सं. २०७८ सालको जनगणना अनुसार वाड.नं. ३ र वाड.नं. ६ को जनसंख्या कति कति छ ?

**परियोजना कार्य**

१. आफू वसोवास गरेको वडा र छिमेकी वडाको जनसंख्या पत्ता लगाइ दुवै वडाको जनसंख्याको तुलना गरी एउटा प्रतिवेदन लेख्नुहोस् ।

२. छिमेकमा रहेका कुनै २ वटा पालिकाहरुको जनसंख्या विभिन्न माध्यमबाट पत्ता लगाइ उक्त पालिकाका वडा तथा लैङ्गिक जनसंख्याका आधारमा तुलना गरी प्रतिवेदन लेख्नुहोस् ।

३. सुदूरपश्चिमको जिल्लागत जनसंख्या खोजि गरी तुलनात्मक रुपमा कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ- २ हाम्रा आर्थिक क्रियाकलापहरु

पाठ- १ पेसा व्यवसायको महत्त्व

पाठः २ डडेल्धुरामा संचालित तालिमहरु

पाठ-३ कृषि ,पशुपंक्षी ,प्राकृतिक तथा औद्योगिक उत्पादन

पाठ-४ जडिबुटी र परम्परागत व्यवसायहरु


पाठः ५ परम्परागत प्रविधि तथा व्यवसाय

पाठः ६ आधुनिक प्रविधि तथा उपकरणहरु

# पाठ- १ पेसा व्यवसायको महत्त्व









पृय भाइ विशाल
शुभ आशिर्वाद।

भाइ विशाल, अस्ति तिमीले पठाएको पत्रमा पेसा व्यवसायका विभिन्न क्षेत्रहरुका बारेमा लेखेका थियौ। अनि ती पेसाको महत्व के होला भन्ने जिज्ञासा राखेका थियौ। त्यसैले आज म तिमीलाई पेसा व्यवसायको महत्त्वका बारेमा महत्वपूर्ण जानकारी सहितको यो पत्र लेखि पठाउदै छु। अन्य यतातिर गाउँघरका सम्पूर्ण हालखवर सामान्य छन्।



हाम्रो समाजमा बस्ने मानिसहरु केही न केही पेसामा लागेर विभिन्न कामहरु गरीरहेका हुन्छन्। यी पेसाहरु कसैले परम्परागत पेसा अपनाईरहेका हुन्छन्। यी पेसाहरुको हाम्रो समाजमा व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय रुपमा पनि धेरै ठूलो महत्त्व छ। कोही खेतमा काम गर्ने, कोही लुगा सिउने, कोही जुत्ता सिउने कोहीले घर बनाउने, कोही गाडी चलाउने, कोहि डोको नाङलो बनाउने कोही फलामका औजार बनाउने आदि कार्यमा लागेका हुन्छन्। यी सबै कामको एउटा महत्वपूर्ण उद्देश्य भनेको जीवन निर्वाह गर्नु हो। जीवन निर्वाहका लागि गरिने यस्ता कामलाई पेसा भनिन्छ। पेसा निजी,व्यावसायिक र रोजगारमूलक गरी तीन प्रकारका हुन्छन। पेसा गर्ने मानिसले आवश्यक ज्ञान, सिप क्षमता, योग्यता आर्जन गर्छन। यसरी कुनै पनि पेसामा लागेर काम गर्दा व्यक्तिमा भएको क्षमताको प्रयोग हुन्छ र व्यक्तिलाई थप क्षमता र अनुभव प्राप्त भई उक्त पेसामा दक्षता प्राप्त हुन्छ। हरेक पेसाको आ-आफ्नै महत्व हुन्छ। कृषि पेसामा लागेका व्यक्तिले अन्न, तरकारी, फलफूल आदिको उत्पादन गर्छन। जसबाट एकातिर हामीहरुलाई आवश्यक खाद्य वस्तु प्राप्त हुन्छ। भने अर्कोतिर बढि भएको कृषिजन्य र पशुजन्य उत्पादन (अन्न, तलकारी, फलफूल, दूध, दही ध्यू मासु ) लाई बिक्री गरेर आर्थिक फाईदा लिन सकिन्छ।

यसैगरी कृषि तथा पशुपालन पेसालाई आर्थिक रुपमा धेरै फाइदा पुग्छ । परिमाणस्वरुप आर्थिक लगानीलाई अन्य क्षेत्रमा पनि परिचालन गरेर राष्ट्रिय रुपमै आम्दानी बढ्न जान्छ । जसबाट रोजगारीका अवसर सृजना गर्न सकिन्छ ।

हाम्र गाउँघरतिर परम्परागत पेसामा लागेका व्यक्तिले पनि विभिन्न वस्तुहरु उत्पादन गरेर सबैका आवश्यकता पूर्ति गरिराखेका हुन्छन । रोजगारीमूलक पेसा अन्तर्गत शिक्षक, डाक्टर, ईन्जिनियर, नर्स, सेना, प्रहरी, कर्मचारीहरुले पनि विभिन्न रुपमा सेवा उपलब्ध गराई राखेका हुन्छन् । डाक्टर, नर्सले रोगीको उपचार गरेर सेवा दिईराखेका हुन्छन , भने सेना प्रहरीले शान्ति सुरक्षा कायम गरेर सेवा दिईराखेका हुन्छन । त्यसैगरी अन्य राष्ट्रसेवक कर्मचारीहरुले पनि विभिन्न क्षेत्रमा सेवा दिइराखेका हुन्छन् ।
समाजमा मानिसका आवश्यकता पूर्ति गर्न र आर्थिक फाइदा लिएर जीवनस्तरमा सुधार गर्न पेसाको महत्त्व छ । अव बाँकी कुरा अर्को पत्रमा लेखि पठाउला । यो भन्दा बढी जिज्ञासा मनमा केही भए पत्र पठाउनु । फेरि म पनि पत्र मार्फत लेखि पठाउने छु ।

हवस त उही
तिम्रो दाजु
बसन्त ।

## अभ्यास

**तलका प्रश्नको उत्तर लेख्नुहोस ।**

क) पेसा भनेको के हो ?

ख) तपाईको समुदायमा कुन- कुन पेसामा लागेका मानिस बसोवास गर्छन् ?

ग) पेसा कति प्रकारका हुन्छन् नाम लेख्नुहोस् ?

घ) पेसाका ३ वटा महत्त्व लेख्नुहोस् ।

ङ) स्वास्थ्य पेसामा लागेका व्यक्तिले कसरी समाजलाई सेवा गरेको हुन्छ?

## परियोजना कार्य

❖ तपाईको समुदायमा कुन कुन पेसा व्यवसायका लागेका मानिस छन् ? तिनीहरुको सूची बनाइ गाउँगाउँ, समाजमा के कसरी सेवा दिइराखेका छन ? छलफल र सोधपुछ गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

❖ तपाइले पशुपालन व्यवसायमा लागेको मानिसलाई भेटेर पशुबाट के कस्तो उत्पादन गर्नुहुन्छ ? ती वस्तुहरुको व्यापार कहाँ गर्नुहुन्छ? लगायत पशुजन्य उत्पादनबाट समाजलाई दिईरहने सेवाका बारेमा छलफल गरी एउटा प्रतिवेदन लेख्नुहोस् ।

# पाठ-२ डडेल्धुरा जिल्लामा सञ्चालित तालिमहरु

कुनैपनि क्षेत्रमा विशेष प्रकारको सिप विकास गरी व्यक्तिलाई उक्त क्षेत्रमा दक्ष बनाउने कार्यलाई तालिम भनिन्छ । अर्को शब्दमा तालिम भनेको ज्ञान, सीप सिक्ने वा सिकाउने कार्य हो । तालिम नपाएको व्यक्तिले पनि काम त गर्न सक्छ तर उसले गरको काम स्तरीय नहुन सक्छ । तालिम लिएको व्यक्तिसंग सम्बन्धित सवै कुराको जानकारी हुन्छ । त्यसैले गर्दा तलिम प्राप्त व्यक्तिले सहज रुपले रोजगारी पाउछ । कुनैपनि पेसा वा व्यावसायमा काम गर्न त्यस विषयको ज्ञान सिपको जानकारी अनिवार्य रुपले पाएको हुनुपर्छ । यस्तो ज्ञान,सिप सिकेको व्यक्तिले सेवा प्रदान गर्न र उत्पादनको काम गर्न सजिलै सक्छ । यी ज्ञान, सीप र अनुभवको प्राप्ति तालिमबाट मात्र संभव हुन्छ । तालिमका लागि प्रशिक्षक, कार्यशाला कक्षा, औजार ,उपकरण वा सामग्री, समय र तालिम लिने वा सिक्ने व्यक्तिको आवश्यकता पर्दछ । तालिम प्राप्त व्यक्तिले भविष्यमा केही न केही तालिम सँग सम्बन्धित पेसा व्यावसाय गर्न सक्छ ।

डडेल्धुरा जिल्लामा पनि मानिसलाई विभिन्न संघ संस्था मार्फत स्थानीय तहका वार्डहरुमा तालिम प्रदान गराएर रोजगारीको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने प्रयास भईरहेका छन् । सवै स्थानीय तह सँग समन्वय गरी घरेलु तथा साना उद्योग विकास कार्यालय, कृषि ज्ञान केन्द्र तथा अन्य निकायबाट तालिम प्रदान गर्ने कार्य भईरहेको छ । यो तालिमहरु कुनै सामान्य प्रकृतिका हुन्छन, भने कुनै लामो समय सम्म पनि प्रदान गरिने व्यावसायिक कार्य गर्न सक्ने खालका पनि हुन्छ । डडेल्धुरा जिल्लाका सवै स्थानीय तहमा संचालन भएका र कुनै जिल्लामा नै संचालन भएका तालिमहरु यस प्रकार रहेका छन् ।

- मौरीघार निर्माण
- कम्प्युटर तालिम (आधारभूत)
- सिमेन्ट हलो ब्लक
- सिलाई कटाइ
- माटाको भाँडा निर्माण
- वाँसबाट निर्मित सामग्री
- जुत्ता सिलाई तथा मर्मत



- फलफूल प्रशोधन
- तरकारी प्रशोधन
- महिला ब्युटिसियन
- साइनबोर्ड पेन्टिङ
- ड्राइभिङ
- सुधारिएको चुलो निर्माण
- धातु हस्तकला
- हाउस वाइरिङ
- तरकारी फलफूल तथा बोट विरुवाका बेर्ना उत्पादन।
- बेर्ना उत्पादन।
- वेल्डिङ
- ग्रील निर्माण
- पोलि हाउस निर्माण
- उनी कपडा बुनाइ।

**अभ्यास**

१- तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

क) तालिम भनेको के हो ?

ख) तालिमका लागि के-के कुराको आवश्यकता पर्छ ?

ग) व्यक्तिलाई तालिमको आवश्यकता किन छ ?

घ) डडेल्धुरा जिल्लामा सञ्चालित कुनै १० ओटा तालिमका नाम लेख ।

ङ) तपाईको परिवारमा कुन- कुन तालिम लिएका मानिस रहेको छन् ?

***परियोजना कार्य***

❖ तपाईको समुदायमा स्थानीय तहले के-के कस्ता तालिम सञ्चालन गरेको छ ? ती तालिमहरु कुन-कुन व्यक्तिले लिएका छन । सूची बनाइ तालिम प्राप्त व्यक्तिले समाजमा दिएको सेवा वा व्यापार व्यावसाय संचालन गरेको वा नगरेको कुरा समेटी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ-३ कृषि ,पशुपंक्षी ,प्राकृतिक तथा औद्योगिक उत्पादन



डडेल्धुरा महोत्सव



डडेल्धुराको आलु खेती

कुनै पनि वस्तुहरु उत्पादन हुने कुरा त्यस ठाउँको भौगोलिक अवस्था, माटो, मानवीय क्षमता, हावापानी, पूँजी, लगानी, सक्रियता, संघ संस्थाको सहयोगत, तालिम, अनुदान, बजारीकरण, सडक सुविधा विद्युतको पहुँच उपकरणको व्यवस्था आदिमा भर परेको हुन्छ। यी कुराहरुको आधारमा कुनै ठाउँमा उत्पादनले गति प्रदान गर्छ। वस्तु उत्पादन कुनै एक क्षेत्रबाट मात्र नभइ धेरै क्षेत्रहरु आवश्यक पर्दछन। यी क्षेत्रहरुमा कृषि, पशुपक्षी,प्रकृतिक तथा औद्योगिक क्षेत्र भएका ठाउँमा कृषि पशुपक्षीं र प्राकृतिक क्षेत्र स्वत: विकसित भएर जान्छ। उद्योग संचालनका लागि आवश्यक कच्चा पदार्थ कृषि, पशुपक्षीं र प्राकृतिक क्षेत्रबाट प्राप्त हुने हुदा औद्योगिक क्षेत्रमा मानिसको झुकाव र लगानी कृषि र पशु क्षेत्रमा हुन जान्छ। डडेल्धुरा जिल्लामा रहेका कृषि र पशुपक्षींको क्षेत्रबाट उत्पादन हुने क्षेत्रहरुको अध्ययन गर्दा निम्नानुसार प्रस्तुत गर्न सकिन्छः



**१. कृषि क्षेत्र:** कृषि क्षेत्रको उत्पादन सबै क्षेत्रको लागि महत्वपूर्ण उत्पादन हो। उद्योग संचालनका लागि आवश्यक पर्ने कच्चा पदार्थको स्रोत कृषि क्षेत्र नै हो। त्यसैगरी तरकारी, फलफूल, बिउविजन, अन्न, दाल लगायत सम्पूर्ण वस्तुहरुो उत्पादन कृषि क्षेत्र बाटै भएको हुन्छ। डडेल्धुरा जिल्लामा पनि उत्पादनको प्रमुख स्रोत कृषि क्षेत्र नै हो। यस जिल्लामा हरेक ग्रामिण क्षेत्रमा कृषि पेशामा संलग्न मानिसहरु रहेका छन्। सिंचाईको अभाव हुने क्षेत्रमा कृषि उत्पादन खासै फस्टाउन सकेको छैन। जिल्लका हरेक स्थानीय तहले कृषिलाई पहिलो प्राथमिकतामा राखेर कृषि अनुदान, बीउविजन कृषि औजार विषादी वितरण गर्ने कार्यलाई निरन्तरता दिएकोले यस जिल्लामा कृषिबाट राम्रो उत्पादन रहेको छ। कृषि क्षेत्रबाट यस जिल्लामा धान,मकै, गहुँ, कोदो आदि अन्नको उत्पादन गरिन्छ भने भटमास, मास, मसुरो, गहत आदि जस्ता दालको उत्पादन गरिन्छ। तरकारीहरुमा आलु, प्याज, टमाटर, काउली बन्दा, मूला, सिमला, फर्सी, रायो आदिको उत्पादन गरिन्छ। फलफूलको उत्पादन भने जिल्लाभरी एकनासको छैन। सुन्तला, मौसमी, ओखर आदि फलफूल उत्पादन हुने निश्चित क्षेत्र मात्र रहेका छन्।




**२. पशुजन्य क्षेत्रः** पशुपंछी पनि वस्तु उत्पादनका लागि प्रमुख क्षेत्र मानिन्छ । डडेल्धुरा जिल्लामा पशुपंछी पालन गरेर पनि विभिन्न किसिमका वस्तु उत्पादन गरिन्छ। खासगरी दुध, मह, मासु, ध्यू पशुजन्य उत्पादनका वस्तु हुन् ।




**३. औद्योगिक क्षेत्रः** उद्योगबाट उत्पादित वस्तुले मानिसका आवश्यकता पूरा गर्नुका साथै अन्य ठाउँमा वस्तुलाई निर्यात गर्न पनि सकिन्छ । वस्तु उत्पादन हुने एउटा प्रमुख क्षेत्र उद्योगत पनि हो डडेल्धुरा जिल्लामा औद्योगिक उत्पादन भने हुने सकेको छैन । सामूहिक लगानी गरी निजी क्षेत्रबाट संचालन गर्ने भनिएको डडेल्धुरा भटमास उद्योग पनि हाल सम्म संचालनमा आउन सकेको छैन। उद्योत संचालनका लागि आवश्यक पर्ने पूँजी उपकरण दक्ष जनशक्ति, कच्चा पदार्थ उपभोक्ता आदिको अभाव नै औद्योगिक उत्पादनका लागि बाधक मानिन्छ। यस जिल्लामा रहेका ग्रामिण बस्तीका केही निश्चित मानिसहरुले उद्योगकै रुप दिन नसके पनि धातुबाट विभिन्न वस्तुहरुको उतुपादन गर्ने गर्दछन । धातुका भाँडाकुडा

फलामका औजारहरु, सुनका गरगहनाहरुलाइ्रई औद्योगिक क्षेत्र बाट उत्पादन हुने वस्तुका रुपमा लिन सकिन्छ ।

**४. प्राकृतिक क्षेत्र:** प्रकृतिमा रहेका विभिन्न स्रोतको प्रयोग गरी वस्तुहरु उत्पादन गर्न सकिन्छ । प्राकृतिक रुपमा हामीलाई उपलब्ध भएको वनजंगलबाट प्राप्त हुने काठबाट विभिन्न फर्निचरहरु निर्माण गर्न सकिन्छ । यस बाहेक विभिन्न किसिमका जडीबुटी संकलन गरी प्रशोधन केन्द्रमा पठाएर औषधि निर्माण गर्न सकिन्छ ।

**अभ्यास**

## तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(क) डडेल्धुरा जिल्लामा कृषि क्षेत्रबाट के कस्ता वस्तुको उत्पादन गरिन्छ ?

(ख) पशुजन्य क्षेत्रबाट उत्पादन हुने वस्तुहरु के के हुन ?

(ग) डडेल्धुरामा सञ्चालन हुने भनिएको भटमास उद्योग किन सञ्चालनमा आउन नसकेको होला ?

(घ) प्राकृतिक क्षेत्रबाट के कस्ता वस्तुहरु उत्पादन गर्न सकिन्छ ?

(ङ) उद्योग सञ्चालनका लागि वाधक तत्वहरु कुन कुन मानिन्छन ?

**परियोजना कार्य**

तपाइ वसोवास गरेको ठाँउ नजिक सञ्चालनमा रहेको कुनै उद्योगको अवलोकन गरी त्यहाँ उत्पादन हुने वस्तुको गुणस्तरीयता , बजारीकरण र आर्थिक अवस्थाको बारेमा उत्पादकसँग सोधपुछ गरी प्रतिवेदन लेख्नुहोस् ।

# पाठ-४ जडिबुटी र परम्परागत व्यवसायहरु




**रचना:** कता गएका थियौ रोसन ? आज त धेरै दिनपछि पो भेटियौ ?

**रोसन:** म डडेल्धुरा जिल्लमा रहेका जडीबुटी र परम्परागत व्यवसायको अध्ययन अवलोकनको सिलसिलामा जिल्ला भरीका सवै गाउँपालिका र नगरपालिकाको भ्रमण गर्न गएको १५ दिनको भ्रमण पूरा गरि  हिजो मात्र फर्केको ।

**रचना:** अनि सवै वडामा पनि पुग्यौ त ?

**रोसन:** सवै वडामा तथा काँ पुग्नु । तैपनि जडीबुटी र परम्परागत व्यवसायको बारेमा भने सवै वडाको जानकारी प्राप्त गरे ।

**रचना:** कुन पालिकाबाट शुरु गरेका थियौ र भ्रमण ?

**रोसन:** ए । म सवभन्दा पहिले डडेल्धुरा जिल्लाको भित्री मधेशको क्षेत्रमा रहेका परशुराम नगरपालिका र आलिताल गाउँपालिका तिरका वडाको बसाइपछि उक्त ठाउँको व्यक्तिसँगको छलफल र सोधपुछ गरी जानकारी प्राप्त गरे ।

**रचना:** ए ! अनि त्यहाँका मानिसले कुन कुन परम्परागत व्यवसाय अपनाएका रहेछन त ?

**रोसन:** त्यस क्षेत्र तिरका परम्परागत व्यावसायका रुपमा सिलाइकटाइ गर्ने, काठका फर्निचर बनाउने, घर निर्माण गर्ने, पशुपालन गर्ने, ध्यू महको उत्पादन गर्ने, छालाका जुत्ता बनाउने, बाँस निङ्लोबाट निर्मित सामग्री बनाउने फलामका औजार बनाउने आदि काम गर्ने रहेछन।






**रचना:** अनि जडीबुटी पनि पाइन्छन होलान नि त्याताातिर ?

**रोसन:** पाइन्छन नि किन नहुनु ? धेरै चिसो ठाउँमा पाइने जडीबुटीहरु नभए पनि हर्रो,बर्रो यहाँ पाइने प्रमुख जडीबुटी रहेका छन्। यी जडीबुटीको प्रयोग ज्वरो नियन्त्रण गर्न, खाना पचाउन, दाँत बलियो बनाउन, घाँटी दुखेकोमा, पखाला र दादुरामा पनि गरिन्छ। हर्रो र बर्रो मा अमला मिसाएर त्रिफला चुर्ण बनाउन पनि प्रयोग गरिन्छ।

**रचना:** ए जिल्लाको अरु पालिका तिर पनि परम्परागत व्यवसायका रुपमा कुन कुन व्यवसाय रहेका छन् ?

**रोसन:** अरु पालिका तिर पनि करीब उस्तै हो। जिल्ला सदरमुकाम रहेको अमरगढी नगरपालिकामा पनि परम्परागत व्यवसायका रुपमा भने कपडा सिलाइकटाइ काठका फर्निचर बनाउने,धातुका मूर्ति बनाउने घर निर्माण गर्ने, छालाका जुत्ता बनाउने आदि रहेका छन्। तर जडीबुटी भने यो नगरपालिकामा कम मात्रामा रहेका छन्। यो पालिका भित्र वढी जसो सल्लाको जंगल रहेको र बाँज,काफल,लालीगुराँस पनि रहेको हुनाले यहाँको जंगलमा टिमुर, अमला, चुत्रो आदि जडीबुटी पाइन्छन्।

**रचना:** अनि नवदुर्गा र गन्यापधुरा गाउँपालिका तिर के कस्ता व्यावसाय र जडीबुटी रहेछन नि ?

**रोसन:**अव ती गाउँपालिका तिर पनि अरु जस्तै हो त्यहाँ पनि परम्परागत व्यावसायका रुपमा कपडा सिलाइ,काठको काम गर्ने, मुर्ति बनाउने, घर निर्माण गर्ने आदि नै रहेका छन्। भने जडीबुटी भित्र अमला, टिमुर, ध्यूकुमारी आदि पाइने रहेछन।

**रचना:** ए। त्यसो भए डडेल्धुरा जिल्ला भित्र पाइने जडीबुटी र परम्परागत व्यवसायहरु करिब सबै ठाउँमा एकै नासका रहेछन है ?

**रोसन:**हो। करिब करिब हावापानी, माटो, वनजंगलमा समानता रहेकोले जडीबुटीमा पनि समानता रहेको छ।

**रचना:** अनि भागेश्वर र अजयमेरु गाउँपालिका तिर चाँहि के रहेछन नि ?

**रोसन:** भागेश्वर र अजयमेरु गाउँपालिकाका मानिसहरुको परम्परागत व्यवसाय त अरु पालिका जस्तै हो। यहाँका मानिस पनि कृषि, पशुपालन लगायत घर निर्माण गर्ने, काठका फर्निचर बनाउने, सिलाइ कटाइको काम गर्ने, धातुका मुर्ति र भाडाँकुडा बनाउने औजार निर्माण गर्ने जस्ता व्यावसायमा संलग्न रहेका छन। यी पालिका भित्र अधिकांश भू-भागमा जंगल रहेको हुनाले यहाँ अन्य पालिकाको तुलनामा बढी जडीबुटी पाइन्छ। यस क्षेत्रमा टिमुर, दालचिनि, अमला, बोझो, शिलाजित, कुरिलो, ध्यूकुमारी, गुर्जो, सेलफोडे, चुत्रो, आदि जडीबुटी पाइने रहेछन। त्यसैगरी गाउँघरतिर तुलसी, कालजिरी बेसार(हल्दो), अदुवा आदि जडीबुटीका रुपमा प्रयोग गरिने रहेछन।

**रचना:** ओहो। तिमीले त डडेल्धुरा जिल्लामा रहेका जडीबुटी र परम्परागत व्यवसायको बारेमा पुरै जानकारी गरायौ त्यसका लागी धन्यवाद।

**रोसन:** ठीक छ। धन्यवाद। यस्ता कुराको जानकारी त भ्रमण नगरिकन नहुने रहेछ। त्यसैले म त पुरै जिल्ला भरीका हरेक पालिकामा पुगे। अनि मात्रै जानकारी लिए। तिमी पनि कुनै ठाउँको भ्रमण गरेर यस्ता महत्वपूर्ण कुराको जानकारी प्राप्त गर्नु है त।

**रचना:** हुन्छ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) डडेल्धुरा जिल्लमा वसोवास गर्ने मानिसहरुका परम्परागत व्यावसाय के के रहेका छन ?

(ख) कुन कुन पालिकामा अधिकाशं भू-भाग जंगलले ढाकिएको छ ?

(ग) अजयमेरु गाउँपालिका भित्र पाइने प्रमुख जडीबुटीहरु के के हुन ?

(घ) हर्रो, वर्रो जडिबुटीको प्रयोग कुन कुन रोगमा गरिन्छ ?

**परियोजना कार्य**

- तपाई आफू बसोबास गरेको क्षेत्र नजिक रहेको जंगलमा के कस्ता जडीबुटी पाइन्छन् । र तिनिहरु कुन कुन रोगमा प्रयोग गरिन्छन् । घर परिवार, समूदाय तथा अन्य कुनै व्यक्तिसँग छलफल गरी सूची बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।
- तपाइ वसोवासको क्षेत्रमा के कस्ता परम्परागत व्यवसाय अपनाएका मानिस रहेका छन ? प्रत्येकको नाम र व्यवसाय समेत उल्लेख गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ-५ परम्परागत प्रविधि तथा व्यवसाय



स्थानीय ज्ञान तथा सीपको प्रयोग गरी निर्माण गरिएका विभिन्न प्रविधिलाई परम्परागत प्रविधि भनिन्छ । स्थानीय स्तरका यस्ता परम्परागत प्रविधि जीवनयापनका लागि उपयुक्त प्रविधि हुन । यी प्रविधिले प्राकृतिक वातावरणलाई नविगारी मानिसको जीवन निर्वाह गर्न सहयोग पुऱ्याएका हुन्छन । कम लगानी र कम श्रमको प्रयोग गरी बढी उत्पादन गर्नु नै प्रविधिको महत्वपूर्ण उद्देश्य हो । प्रविधिको प्रयोग नगर्दा श्रम र समय बढी खेर जान्छ । हाम्रा परम्परागत प्रविधि पनि यहि सिद्धान्तमा आधारित छन् । डडेल्धुरा जिल्लामा संचालित परम्परागत प्रविधिमा आधारित व्यवसायहरुमा पानी घट्ट, जाँती, ढिकी, कोल, आरन, ठेकी, मदानी आदि प्रमुख हुन । यी प्रविधिको विकास निश्चित प्रकृया पार गरेर मात्र भएको हुन्छ । प्रविधिको विकास पनि मानिसको विकास सँगै जोडिएर आएको विषय हो । स्थानीय ज्ञानले परम्परागत रुपमा संचालित मौलिक प्रविधिलाई जनाउँछ । हाम्रा पूर्वजहरुको मौलिक ज्ञान र सिपमा आधारित भएर नै परम्परागत प्रविधिको विकास भएको हो । अहिले आएर भने परम्परागत प्रविधिलाइ आधुनिक प्रविधिले विस्थापित गरिरहेको छ । आधुनिक प्रविधिमा श्रम र समयको बचत हुन गइ काम पनि गुणस्तरीय हुने हुन्छ ।

हाम्रो समुदायमा प्रचलनमा रहेका केही परम्परागत प्रविधिहरुको समान्य परिचय यस प्रकार रहेको छ ।

**१.पानीघट्ट:** पानीको सहायताले सञ्चालित परम्पराग प्रविधिमा आधारित एक प्रविधि पानी घट्ट हो। यसमा लागि नदी वा खोलाबाट कुलो बनाइ पानी लगिन्छ। सो पानीलाई एउटा डुँढबाट छाँगो जस्तै तल खसालिन्छ। खसालिएको पानीको धारले काठबाट बनेको चक्कामा हिर्काउछ र चक्कामा गति पैदा गर्छ। चक्काको एक्सलमा जडान गरिएको गियरमा जाँतो जोडिएको हुन्छ। यसले जाँतो घुमाउछ  र मकै, कोदो गहुँ, दाल भटमास आदि पिस्न सकिन्छ।



२. **कोल**ः तोरी, रायो, च्युरी पेल्नका लागि काठका दलानको प्रयोग गरी बानाइएको कोल पनि एक प्रकारको परम्परागत प्रविधि हो। यस्मा एउटा काठको मोटो  दलानमा ओखल जस्तै खाल्डो बनाइएको हुन्छ। उक्त खाडलमा एउटा लामो काठको खम्बा गाडिन्छ। र ओखलको माथि काठको खम्बामा अर्को काठको दलान



जडान गरेर त्रिभुज आकारमा कोलको निर्माण गरिएको हुन्छ। उक्त ओखलमा तोरी, रायो, च्यूरीका दानाहरु राखेमा मानिसले त्रिभुजाकारको छेउमा बल लगाएर घुमाउदा ओखलमा राखिएको खम्बा पनि घुम्दै गइ तेल निस्किछ। त्यसै गरी उखु पेल्ने कोलको भने फरक वनावट हुन्छ। यस्मा काठका दुइ वटा मोटा फल्याकमा खाल्डो पारिएको हुन्छ। उक्त खाल्डामा फलामका दुइ वटा पाङग्रालाइ राखेर काठका खम्बालाइ जमिनमा गाडेर बलियो बनाएको हुन्छ। पाङग्राको फल्याक भन्दा बाहिर निस्केको भागमा लामो काठको डण्डीलाइ राखेर घुमाउदा पाङग्रा धुमेर उखुलाइ दुवै पाङग्राले  च्यापेर उखुको रस निकालिन्छ।

**३.ठेकी र मदानी:**  दहिबाट नौनी  निकाल्न प्रयोग परिने ठेकी र मदानी पनि एक परम्परागत प्रविधि हो। ठेकीमा राखिएको दहिमा मदानी हालेर त्यसलाइ चलाएर दहिबाट नौनी निकालिन्छ।

**४.ढिकी:** गाउँघर तिर धान कुट्नका लागि प्रगोगमा ल्याइने ढिकी पनि परम्परागत प्रविधि हो। यसमा एउटा गाहों काठको दलानको एक टुक्रामा फलामको भक्का राखेर मिलाइएको हुन्छ। बिच भागमा पनि प्वाल पारेर काठका दुइ वटा बलिया खम्बालाई जमिनमा गाडेर ढिकीको जडान गरिएको हुन्छ । फलामको चक्का राखिएको भाग ओखलमा पर्ने गरी जडान गरिन्छ भने अर्को छेउमा मानिसले खुट्टाको प्रयोग गरी उक्त दलानलाइ माथि उठाएर छोडिन्छ । यसरी ओखलमा राखिएको धानलाई कुट्न ढिकीको प्रयोग गरिन्छ।





**अभ्यास**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस ।**

(क) परम्परागत प्रविधि भनेको के हो ?

(ख) प्रविधिको महत्वपूर्ण उद्देश्य के हो ?

(ग) डडेल्धुरा जिल्लाका परम्परागत प्रविधिमा आधारित व्यवसायहरु के के हुन ?

(घ) पानी घट्टले कसरी कार्य गर्छ ?

(ङ) ढिकीको वनावट उल्लेख गर्नुहोस ।

**परियोजना कार्य**

- तपाइको समुदायमा के कस्ता परम्परागत प्रविधिहरु रहेका छन ? तिनीहरुको वनावटका बारेमा उल्लेख गरी एउटा प्रतिवेदन तयार पार्नुहोस ।
- आजभोली परम्परागत प्रविधिलाइ छोडदै मानिसहरु आधुनिक प्रविधि तर्फ किन आकर्षित भएका होलान ? विभिन्न व्यक्तिसँग सोधपुछ तथा छलफल गरी कारणहरु उल्लेख गर्नुहोस ।

# पाठ-६ आधुनिक प्रविधि तथा उपकरणहरु

परम्परागत प्रविधि मा नै आधारित भइ परिस्कृत भएको प्रविधिलाई आधुनिक प्रविधि भनिन्छ । विज्ञान र प्रविधिको विकास सँगै विभिन्न आधुनिक उपकरणको पनि आविष्कार भएको छ । ती उपकरणको प्रयोगले हाम्रा दैनिक घरायसी तथा कार्यालयका कार्यहरु सरल र सहज ढंगबाट गर्न सकिन्छ । यस्ता आधुनिक प्रविधियुक्त उपकरणहरु परम्परागत प्रविधिका उपकरणका तुलनामा प्रयोग गर्न सजिलो तथा छिटो हुन्छन । आधुनिक प्रविधिका घरायसी केही उपकरणहरुका बारेमा तल उल्लेख गरिएको छ ।

**एयर कन्डिसनिङ (AC)** प्राकृतिक तापक्रमलाइ परिवर्तन गरी चाहे अनुकूल बनाउन प्रयोग आधुनिक उपकरणलाइ AC भनिन्छ । अत्यन्तै गर्मी र अत्यन्तै जाडो हुने स्थानहरुमा AC को अधिक प्रयोग भएको हुन्छ ।




घर,होटल,सवारी साधनमा अनुकूल तापक्रम बनाउन यस्को प्रयोग गरिन्छ । एसीको प्रयोग गर्न विद्युतको आवश्यकता पर्दछ । रिमोट कन्ट्रोलको सहायताले एसिको तापक्रमलाइ इच्छा बमोजिम घटाउन वा बढाउन पनि सकिन्छ ।



**वासिङ मेशिन**

विद्युतीय शक्तिबाट संचालन हुने घरायसी उपकरण वासिङ मेशिन हो र यसको प्रयोग कपडा धुनका लागी गरिन्छ । यस्को भित्री भागमा कपडा राख्ने खाली ठाउँ हुन्छ । जहा कपडामा डिटरजेन्ट (सोडा) र पानी मिसाएर केही समय राखिन्छ । सामान्यतया वासिङ मेसिनबमा एउटा मात्र खण्ड हुन्छ, जहा लुगा धुने काम गरिन्छ । तर परिष्कृत मेसिनमा एउटा खण्ड लुगा धुने र अर्को खण्ड लुगा सुकाउन प्रयोग गरिने २ खण्ड हुन्छन ।

**गिजर:** पानी तताउन प्रयोग गरिने विद्युतिय आधुनिक उपकरण गिजर हो । सामान्यतया बाथरुममा नुहाउन पानी तताउन यसको प्रयोग गरिन्छ । गिजर विद्युतबाट चल्ने र ग्याँसबाट चल्ने गरी २ प्रकारका हुन्छन । विद्युतीय गिजर भित्र पानी भण्डारणका लागी सानो ट्याङ्की रहेको हुन्छ । हामीले धारा खोल्ना साथ ट्याङ्कीमा पानी भरिन्छ । विद्युत त्यसमा पठाउदा ट्याङ्को पिधँमा जडान भएको हिटरले पानी तताउँछ । त्यसैगरी ग्याँस गिजर भित्र धारा खोल्नासाथ आगो बल्न थाल्छ र त्यस ग्याँसले ट्याङ्की भित्रको पानी तताउछ ।



**रेफ्रीजेरेटर (फ्रिज)** खाद्य पदार्थलाइ चिसो बनाएर राख्न प्रयोग गरिने आधुनिक उपकरण रेफ्रीजेरेटर हो र यसको प्रयोगबाट तरकारी,दुध फलफूल, पानी माछामाशु आदि खाद्य पदार्थहरु धैरै दिन सम्म सुरक्षित राख्न सकिन्छ । घरायसी प्रयोजनका लागि बनेका फ्रिजहरुमा प्राय दुइओटा भागहरु हुन्छन । तलको भाग ठूलो भएकोले बढी  मात्रामा खाद्य पदार्थ यसैमा राखिन्छ भने माथिल्लो भाग अत्याधिक चिसो हुन्छ । जसलाइ डिप फ्रिज भनिन्छ । यसमा राखिएको वस्तु छोटो समयमा नै धैरै चिसो हुन्छ ।





**सोलार बत्ती**: सौर्य शक्तिलाई प्रयोग गरेर बत्ती बाल्ने प्रविधि सौर्य बत्ती हो । यस्को लागि एउटा सोलार प्लेट सूर्यको प्रकाश पर्ने ठाउँमा राखिएको हुन्छ । प्लेटले सौर्य किरणलाई सोसेर विद्युतीय शक्तिमा रुपान्तर गर्छ । प्लेटबाट जोडिएको तारमा प्रवाह भएको विद्युत शक्तिले व्याट्रीलाई चार्ज गर्छ । चार्ज भएको ब्याट्रीबाट बत्ती बाल्न सकिन्छ ।




**ओभन:** खाना पकाउन वा तताउन प्रयोग गरिने विद्युतीय उपकरण ओभन हो । यसले विद्युतीय शक्तिलाई ताप शक्तिमा रुपान्तर गरी खाना पकाउने र तताउने काम गर्छ ।ओभन साधारण र माइक्रो ओभन गरी २ प्रकारका हुन्छन । साधारण ओभनमा एक वा दुइ ओटा इलेक्ट्रिक रडहरु हुन्छन । जव विद्युत प्रवाह हुन्छ । तव रड तातिएर खाना पकाउने काम गर्छ । ओभनको अगाडि पट्टि रहेका



स-साना वटनहरुले ओभनमा समय तथा तापक्रमलाइ नियन्त्रण गर्ने काम गरिन्छ । माइक्रो ओभन मा भने इलेक्ट्रिक रड नभइ विद्युतिय शक्तिको सहयोगले Micro wave उत्पन्न गराइ सो Wave द्धारा खाना पकाइन्छ। यसमा खाना पाकिसकेपछि बन्द हुनु भन्दा पहिले एक प्रकारको आवाज दिन्छ ।



**भ्याकुम क्लिनर:** गलैचा वा कार्पेटमा जम्मा भएको स-साना धुलका कणहरु र फोहरलाई सफा गर्न प्रयोग गरिने यो पनि

एउटा घरायसी उपकरण हो । यस भित्र जडान भएका विभिन्न प्रकारका विद्युतीय मेसिनहरुले भ्याकुम सिर्जना गर्छ  र उक्त भ्याकुमले फोहरलाइ तान्ने काम गर्छ ।

**ग्रिन्डर:** विद्युतीय मोटरबाट संचालित आधुनिक पिस्ने मेसिन ग्रिन्डर हो । यस्ता ग्रिन्डर मेसिन मुख्य गरेर दाल, जिरा, मरिच, मसला,आदि पिस्ने काममा प्रयोग गरिन्छ । यसका दुइ खण्ड मध्ये पहिलो खण्डमा पिस्ने सामान राखिन्छ भने दोस्रो अर्थात तल्लो खण्डमा विद्युतीय मोटर जडान गरिएको हुन्छ । विद्युत पठाएर मोटर घुम्छ र ग्रिन्डर चल्न गइ पिस्ने काम गरिन्छ ।



**अभ्यास**

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) आधुनिक प्रविधि भनेको के हो ?

(ख) एयर कन्डिसनिङ ले के काम गर्छ ?

(ग) रेफ्रिजेरेटरको वनावटका बारेमा लेख्नुहोस् ।

(घ) भ्याकुम क्लिनरले कसरी फोहरमैला सफा गर्छ ?

(ङ) सोलार बत्ती कसरी बाल्न सकिन्छ ?

(च) ग्रिन्डर के कामका लागि प्रयोग गरिन्छ ?

**परियोजना कार्य:**

तपाई आफैले आधुनिक उपकरण प्रयोग गरेको भए या प्रयोग नगरेको भए अन्य कुनै प्रयोग कर्ता लाई भेटेर ती उपकरणको प्रयोग गर्दाको अनुभव समेटेर एउटा कथा रचना गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ-३ हाम्रा विकास कार्यहरु

## पाठः १ विकास कार्यहरु

## पाठः २ पर्यटन विकासको सम्भावना

## पाठः ३ दिगो विकासको परिचय र महत्व

# पाठः १ विकास कार्यहरु

मिति २०८०/०१/१३

श्रीमान, यस कार्याक्रमका सभापति महोदय, प्रमुख अतिथी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु । आज मिति २०८०/०१/१२ गतेका दिन यस श्री सहस्त्रलिङ्ग माध्यमिक विद्यालय चमडाको आयोजनामा विकासका कार्य नामक शीर्षकमा बक्तृत्वकला कार्यक्रममा सहभागी भइ आफ्ना विचार राख्न पाउँदा आफूलाइ गौरवान्वित र भाग्यशाली ठानेको छु ।

सभाध्यक्ष महोदय, सर्वप्रथम त म विकासका कार्यहरुको बारेमा आफ्नो विचार राख्नु भन्दा पहिला विकासको सामान्य परिचय दिन चाहान्छु । वास्तवमा कुनैपनि वस्तु वा व्यक्तिको आकार चरित्र र विशेषतामा आउने परिवर्तनलाई नै विकास भनिन्छ । यो अघिल्लो भन्दा गुणात्मक रुपमा नै फरक हुन्छ । अर्थात वस्तु वा व्यक्तिको बढने र परिवर्तन हुने प्रकृया नै विकास हो । यो एउटा ब्यक्तिको बढ्ने र परिवर्तन हुने प्रकृया नै विकास हो । यो एउटा विशेषताको घटना र परिस्थितिबाट अर्को विशेषता र मनोविज्ञानलाई पनि रुपान्तरण गर्छ । यसमा भौतिक विकास,बौद्धिक विकास, आर्थिक विकास,सामाजिक विकास,सास्कृतिक विकास मनोवैज्ञानिक विकास जस्ता विविध पक्षहरु अन्तर्निहित हुन्छन । यसैको सपाट र सङ्लो रुप नै विकास हो ।

सभाध्यक्ष महोदय नेपालले २०१३ देखी योजना बनाएर विकासको प्रयास थालेको हो । त्यती बेलाको समय देखि हाल सम्म सामाजिक, सास्कृतिक, आर्थिक, भौतिक, राजनैतिक, एवम बौद्धिक र भाषिक क्षेत्रमा सकरात्मक परिवर्तन ल्याउनका लागि गरिएका सम्पूर्ण कामलाई विकासका कार्य भनिन्छ । सडक सञ्चाल र यातायातबाट बञ्चित भएको हाम्रो जिल्लामा सडक र यातायात पुग्नु भन्दा अगाडीको मानवजीवन र सडक यातायात पुगेपछिको मानव जीवनको तुलना गर्दा विकास के हो विकासका कार्य के के हुन भन्ने कुरामा स्पष्ट हुन्छौ । सडक यातायता पुग्नु भन्दा अगाडि हाम्रा बाजे र बराजु पैदल यात्रा बाट भोट,पहाड,तराइ उकाली ओराली धाउने गर्थे । तर आज सुविधा सम्पन्न यातायात चढेर यात्रा गर्न पाइएको छ । नाङ्गै खुट्टा हिडेर घर देखि ब्रमदेव र टनकपुर सम्मको यात्रामा जाने र वर्षा दिनलाई चाहिने खाद्य सामग्री नुन, तेल, रासन, लुगाफाटो डोकोमा बोकेर आफ्नो दैनिक जीवन गुजार गर्थै । तर आज गाउँघरको

विकसित पसल, उच्चकोटीका व्यवस्थित र सुविधा सम्पन्न सहरीकरण र आफुलाइ आवश्यक कुरा हामी घर आँगन मै प्राप्त गर्न सक्छौ ।

अन्धकारको छिडीमुनी बाँच्न बाध्य हाम्रो समाजमा उज्यालोका वैकल्पिक व्यवस्था अहिलेको जस्तो थिएन । दिनभरी हिडेर जङगल जाने जङगलबट पिठिउमा दियालो बोकेर त्यही दियालो चिरेर उज्यालो गर्ने काम गरिन्थ्यो । यसका अतिरिक्त टुक्की दियो आदि जस्ता वैकल्पिक उज्यालोका साधनहरु थिए । तर आज हाम्रो समाजमा चौविसे धन्टा घाम जस्तै झल्मल्ल विद्युत सेवा पुगेको छ । पिउने पानिका लागी काकाकुल बनेका हाम्रा गाउँबस्ति घण्टौ हिडेर नाम्नो र वारियोलाइ निधारको साथी बनाइ पिठ्यौमा फोला, जर्किन, बाल्टी बोकेर प्यास मेट्ने गर्दथे । आज हाम्रो गाउँघरमा एकघर एक धाराको अवधारणा पूरा भएको छ । गाड र खोलाको पानी लिफ्टको माध्यमबाट डाडाँमा पुगेको छ । शिक्षाको पारिलो घामबाट बञ्चित हाम्रा बाजे बराजु, बज्यै, लगायत अन्य पुस्ताहरुले भोगेको जस्तो अवस्था आज छैन । क,ख,रा सिक्नको लागि काठको पाटी बोक्नुपर्ने, निङ्लाको कलमले लेख्नुपर्ने समाजका निश्चित मान्छेको घरमा गएर सिक्नुपर्ने, वातावरण थियो । सामाजिक समसामयिक समयमा हामीलाई यो कुरा कुनै दन्त्य कथा जस्तो लाग्न सक्छ । अहिले हाम्रो घर आँगन र बारीको छेउमा विविध प्रकृतिका विद्यालयहरु खुलेर अनवरत रुपमा सञ्चालित उच्च शिक्षाको निमित्त काशी, वनारस र भारतका विभिन्न ठाउँमा जाने दिनको अन्त्य भएको छ । हाम्रो जिल्ला मै स्नातकोत्तर सम्मका विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस सञ्चालनमा आएका छन । विभिन्न प्राविधिक विद्यालयहरु खुलेका छन । युगको आवश्यकतामा आधारित शिक्षा प्रवाह गरी राखेका छन ।

सभाध्यक्ष महोदय,

प्रकृतिले ऋतु रङ्ग फेरे जस्तो मानव जीवनको पनि अनेक किसिमका परिवर्तनलाई आत्मसाथ गरेको पाईन्छ । सामाजिक र सांस्कृतिक जञ्जिरमा बाँधिएको मानव समाज अनेक किसिमका रुडी ग्रस्त मूल्य र मान्यताको दलदलबाट मुक्त भएको छ । समाज भित्र भएका छुवाछुत , भेदभाव र छाउपडी जस्ता प्रथा र परम्परामा सुधार भएको छ । यति मात्र होइन रोगले ग्रसित बिरामीलाई उपचार गराउन छोडेर धामी, झाक्री, वैद्य, ज्योतिषी आदि तन्त्र, मन्त्रमा विश्वास नगरी अस्पताल जाने परम्परा बसेको छ । सिटामोल अभावमा बाँचेको हाम्रो गाउँघर,अस्पताल नपाएर बाटोमै मरेका विरामी, सुरक्षित मातृत्व शिक्षाको अभावमा गाउँकै

गोठमा मरेकी गर्भवती र अन्य सामान्य उपचारबाट समेत संसार होईन बाध्य मानवको जस्तो बाध्यकारी अवस्था आज छैन । आज हाम्रो पालिका र जिल्लामा विभिन्न स्वास्थ्य सेवाका कार्यक्रम सञ्चालनमा ल्याइ मानव जीवनलाई सुरक्षित पार्ने काम गरिरहेको छ ।

सभाध्यक्ष महोदय,यि माथि उल्लिखित विषय वस्तु त केवल विकास कार्यमा प्रतिनिधि कुरा मात्र हुन । यसका अतिरिक्त भाषिक, सास्कृतिक, बौद्धिक, आर्थिक, राजनितिक, मनोवैज्ञानिक विविध क्षेत्रमा समेत पहिले भन्दा अहिले हामी आमूल परिवर्तन भएको कुरा महसुस गर्न सक्छौ । विकास वहुआयामिक कार्य हो । यो सकारात्मक परिवर्तन हो । समाज र जनजीवनमा प्रत्यक्ष रुपमा परिवर्तन ल्याउनका लागि गरिने जुनसुकै कामलाई हामी विकासका कार्य मान्न सक्छौ भन्दै आफ्नो विचार यही टुङ्गायाउछु । हवस् त धन्यवाद ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस ।**

1. विकासको परिचय दिनुहोस ।

2. आफ्नो पालिकामा भएका विकास कार्यको सूची बनाउनुहोस ।

3. सडक यातायात पुग्नु अघिको र सडक यातायात पुगी सकेपछिको मानव समाजको तुलना गर्नुहोस ।

4. शिक्षाको क्षेत्रमा भएका विकास कार्यको नाम लेख्नुहोस् ।

5. विद्युत्त पुग्नु अघि उज्यालोका लागि प्रयोग गरिने साधनको नाम लेख्नुहोस् ।

6. स्वास्थ्य क्षेत्रमा भएका विकास कार्य उल्लेख गर्नुहोस ।

**क्रियाकलाप**

1. आफ्नो पालिकामा के कस्ता विकास कार्यहरु भएका छन शिक्षकलाई सोधेर विकास कार्यको सूची बनाउनुहोस ।

2. जिल्ला भित्र भएका विकास कार्यको बारेमा शिक्षक र विद्यार्थि दुवैले सामुहिक छलफल गरी समग्र जिल्लामा भएका विकास कार्य टिपोट गर्नुहोस ।

# पाठ-२ पर्यटन विकासको सम्भावना

सामान्यतया पर्यटन भन्नाले एक ठाउँबाट अर्को ठाउँमा भ्रमण कार्यलाइ जनाउँछ । विश्व पर्यटन संगठनको परिभाषा अनुसार आफ्नो नियमित वासस्थानबाट विदा मनाउने, व्यापार गर्ने वा त्यस्तै अन्य कुनै उद्देश्यले चौविस घण्टा भन्दा बढीको समय र लगातारको एक वर्ष भन्दा कम समय बाहिर विताउन निस्कने व्यक्तिलाइ पर्यटक भनिन्छ । यस्ता पर्यटकहरुलाई सशुल्क बुझाउने, आवासको व्यवस्था मिलउने दृश्यावलोकन गराउने यातायात मिलाउने आदि कार्य गर्ने क्षेत्रलाइ पर्यटन भनिन्छ । यस्तो व्यवसायलाई पर्यटन व्यवसाय वा पर्यटन उद्योग भनिन्छ ।

डडेल्धुरा जिल्ला सुदूरपश्चिम प्रदेशकै ऐतिहासिक तथा धार्मिक पर्यटकीय क्षेत्र रहेको जिल्ला हो । यस जिल्लामा दर्जनौ धार्मिक तथा ऐतिहासिक महत्व बोकेका धार्मिक पर्यटकीय क्षेत्रहरु रहेका छन। जिल्लामा देशकै शक्तिपिठ मध्येको एक उग्रतारा मन्दिर,घटालथान,यसैगरी परशुरामधाम क्षेत्र रहेका छन भने ऐतिहासिक पर्यटकीय क्षेत्रमा अमरगढी किल्ला र अजयमेरुकोट रहेका छन । सुदूरपश्चिम प्रदेशका पहाडी जिल्ला सहित तराईका दुई जिल्लाको प्रमुख केन्द्रका रुपमा डडेल्धुरा जिल्ला रहेको छ । जिल्लाका विभिन्न ठाउँमा साइल झर्ना, आलिताल, भागेश्वर मन्दिर, लगायत थुप्रै धार्मिक तथा पर्यटकीय स्थलहरु रहेका छन । धार्मिक तथा ऐतिहासिक क्षेत्र मात्र नभइ नेपालमै सवैभन्दा बढी उचाइमा बाघ पाइने महाभारत वनक्षेत्र समेत हाम्रो जिल्लामा रहेको छ । हरेक किसिमका पर्यटकीय सम्भावना बोकेको हाम्रो जिल्ला भूगोल,संस्कार, संस्कृति , कला र भाषिक दृष्टीले हेर्दा पनि सम्पन्न छ । पर्याप्त मात्रामा पर्यटकीय सम्भावना भएपनि उपयुक्त रुपमा प्रचारप्रसारका साथै भौतिक पूर्वाधारको विकास हुन नसक्दा हाम्रा पर्यटकीय क्षेत्र ओझेलमा परेका छन । पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार र सम्बर्धन गर्न सके पर्यटन क्षेत्रबाट आर्थिक उपार्जनका साथै रोजगारीका अवसरहरु पनि सृजना गर्न सकिने ठूलो सम्भावना रहेको छ ।

डडेल्धुरा जिल्ला र अजयमेरु गाउँपालिकामा भएका प्रमुख पर्यटकीय क्षेत्रलाइ निम्नानुसार तालिकामा उल्लेख गर्न सकिन्छः

**जिल्लामा रहेका पर्यटकीय क्षेत्र अजयमेरुमा रहेका पर्यटकीय क्षेत्र**

| | |
|---|---|
| १. उग्रतारा मन्दिर | ९. अजयमेरुकोट |
| २. पर्शुराम धाम | १०. कोला समैजी मन्दिर |
| ३. महाभारत वन क्षेत्र | ११. सहस्त्रलिङ्ग वीरवेताल |
| ४. घटालथान | १२. जगन्नाथ मन्दिर |
| ५. अमरगढी किल्ला | १३. डागेश्वरी |
| ६. आलिताल | १४. गंगेश्वर |
| ७. कस्याको टाकुरो | १५. गणेशधुरा |
| ८. साइल झर्ना | १६. रानीवन |

**अभ्यास**

**1. तलका प्रश्नको उत्तर दिनुहोस ।**

(क) पर्यटन भनेको के हो ?

(ख) विश्व पर्यटन संगठनका अनुसार पर्यटकको परिभाषा लेख ।

(ग) पर्यटक र पर्यटन विच बिच कुनै दुईवटा भिन्नता लेख ।

(घ) डडेल्धुरा जिल्लामा भएका प्रमुख पर्यटकीय क्षेत्रको सूची बनाउ ।

(ङ) पर्यटन व्यवसायलाई सफल बनाउन के के गर्नुपर्छ ।

**क्रियाकलाप**

1. आफ्नो वरपर भएका धार्मिक तथा ऐतिहासिक महत्व बोकेका क्षेत्रको नाम लेखी कक्षामा प्रस्तुत गर्नुहोस ।

2. पर्यटन व्यवसायलाई कसरी आकर्षक बनाउन सकिन्छ । सो विषयमा शिक्षक विद्यार्थी मिली कक्षामा छलफल गर्नुहोस ।

# पाठ-३ दिगो विकासको परिचय र महत्व

दिगो विकास भन्नाले वातावरणमैत्री विकास अर्थात टिकाउ हुने विकास हो । जीवित प्राणी र प्रकृति बीचको अन्तर सम्वध दिगो बनाउन गरिने प्रयास नै दिगो विकास हो । ब्रुटल्याण्ड कमिसनको परिभाषामा भविष्यका पिढीको आवश्यकतासँग सम्झौता नगरी वर्तमान पिढीको आवश्यकता परिपुर्ति गर्न नै दिगो विकास हो । देश भित्र भएका प्राकृतिक स्रोत साधनको सन्तुलित प्रयोग गर्नु र जगेर्ना गर्नु अहिलेको टडकारो आवश्यकता हो । तसर्थ आधुनिकता र विकास सँग सँगै वातावरणीय साधन स्रोतको उपयोगमा विवेकशीलता कायम गर्नु नै दिगो विकास हो । दिगो विकासले दिगो स्रोत व्यवस्थापनमा भूमिका खेल्दछ । यस भित्र वातावरण संरक्षण र व्यवस्थापन जैविक विविधताको संरक्षण,जनसंख्या वृद्धि तथा सहजिकरण प्रति सचेतना लगायतका थुप्रै विषयवस्तु प्रत्यक्ष वा परोक्ष रुपमा समेटिएका हुन्छन । आजको विकास भोलिको पुस्ताको लागि विनासको कारण बन्नु हुदैन । अर्थात एक पुस्ताले विकासका कार्य गर्दा अर्को पुस्ताको आवश्यकता हरण हुदैन भन्नु नै दिगो विकासको अवधारणाको मूल आशय हो । विकास भन्नु नै स्रोत साधनको बुद्धिमता पूर्ण उपयोग हो । हरेक मूलुक र जनताले अपेक्षा गरेको न्यायपूर्ण र समतामूलक समृद्धि एवम मानसिक सुख र खुसीका लागि दिगो विकासको विकल्प छैन । दिगो विकासको मूलभूत महत्व निम्नलिखित रहेको पाइन्छ ।

- मानव र प्रकृतिका बिचको सम्वन्ध फलदायी सकारात्मक र सहयोगी बनाउदै विकास गर्ने ।
- वर्तमानको आवश्यकता र चाहना परिपुर्तिका लागि भविष्यसँग सम्झौता नगर्न ।
- प्राकृतिक स्रोत र साधनको बुद्धिमतापूर्ण प्रयोग गर्न ।
- विकासमा नीतिगत र कार्यगत निरन्तरता कायम राख्न ।
- मानव स्रोतको विकास गर्न
- स्रोत साधनको उपयोगमा नैतिकता र विवेकशिलता कायम राख्न ।
- पृथ्वीले बहन गर्न सक्ने क्षमतालाई खलल नपर्ने गरी विकास गर्न ।

माथि उल्लेखित महत्वलाई मनन गरी दिगो विकासको मान्यतालाई सबै शासकीय आयामका साथ साथै दैनिक जीवनचर्यामा मूल प्रावाहीकरण गर्न अत्यान्त महत्व रहेको छ ।

## दिगो विकासका लक्ष्यहरुः

१ गरीबीको अन्त्य

२ भोकमारिको अन्त्य
३ स्वस्थ र समुन्नत समाज
४ गुणस्तारीय शिक्षा
५ लैङ्गिक समानता
६ स्वच्छ पानी तथा सरसफाई
७ स्वच्छ उर्जामा सहज पहुँच
८ मर्यादित रोजगार तथा आर्थिक वृद्धि
९ उद्योग पुर्वाधार र नवीन सिर्जना
१० असमानता न्युनीकरण
११ दिगो शहर र समुदायहरु
१२ जिम्मेवारपुर्ण उपभोग तथा उत्पादन
१३ जलवायु परिवर्तनमा तत्काल पहल
१४ जलमुनिको जैविक विविधताको संरक्षण
१५ जमिनमाथिको जैविक विविधताको संरक्षण
१६ शान्ति, न्याय र सशक्त निकाय
१७ लक्ष्य प्राप्तिका लागि साझेदारी

**अभ्यास**

१. दिगो विकास भनेको के हो ?

२. दिगो विकासले समेटेका प्रमुख विषयवस्तुको सूची बनाउ।

३. दिगो विकास अवधारणाको मूल आसय के हो ?

४. दिगो विकासको महत्व लेख।

५. दिगो विकासका कुनै ७ वटा लक्ष्यहरु लेख्नुहोस्।

**क्रियाकलाप**

१. आफ्नो वरपरको वातावरण सुरक्षित राख्नका लागि के कस्ता कार्यहरु गर्न सकिन्छ ? शिक्षक र विद्यार्थी कक्षाकोठामा छलफल गर।

# एकाइः ४ हाम्रो सांस्कृतिक परम्परा र मूल्यमान्यता

## पाठ-१ हाम्रा चाडपर्व

## पाठः२ हाम्रा सामाजिक संस्कार

## पाठः ३ हाम्रा मौलिक परिकार

# पाठ-१ हाम्रा चाडपर्व

चाडपर्व भन्नाले कुनै खास दिन तथा तीथिमा  विभिन्न जातजाति तथा समुदायमका मानिसहरुले विशेष पर्वको रुपमा मान्ने र विभिन्न देवी देवताहरुको पूजाआजा गरी भोज भतेर खाइ नाचगान गरी रमाईलो गर्ने दिनलाई भनिन्छ ।

सामान्यतया हाम्रो समाजमा विभिन्न प्रकारका चाडपर्व मनाउने गरिन्छ । जस्तै

१. हर्षोल्लास सम्बन्धी पर्व- कृष्णजन्माष्टमी, रामनवमी, फागु पूर्णिमा, सरस्वती पूजा , दशैँ

२. पशु सम्बन्धी पर्वः नागपञ्चमी, गोबरधन पूजा , गाई पूजा

३. दाम्पत्य जीवन सम्बन्धी पूजा तीज, गौरापर्व

४. दाजुभाइ - दिदिबहिनी बीचको स्नेह सम्बन्धी पर्व भाईटिका, रक्षाबन्धन ।

५. मातापिताको कल्याण तथा मुक्ति सम्बन्धी पर्व पितृपक्ष, मातृनवी, कुशेऔशी ,मातातीर्थ औँसी आदि ।

माथि उल्लेखित चाडपर्वमध्ये हाम्रो जिल्लामा मनाईने मुख्य पर्वहरुको परिचय यस प्रकार रहेको छ ।

**गौरा पर्व**

गौरापर्व सुदूरपश्चिको महत्वपूर्ण धार्मिक एवम सास्कृतिक पर्व हो । यो पर्व भाद्र कृष्ण षष्ठी देखी अष्टमी सम्म विभिन्न कार्यक्रम आयोजना गरेर मनाइन्छ । गौरापर्वको पहिलो दिन गौरापर्व मनाउने समुदायका महिलाहरुले निराहर रहि आ-आफ्नो घरमा तामा वा पित्तलको भाँडोमा विरुडा अर्थात पाँच थरीका गेडागुडी भिजाउने गर्दछन । गौरापर्वमा ब्रतालु महिलाद्धारा गौरा घरमा गई गरिने शिव र पार्वतिको पूजा अर्चनामा विरुडालाई असना र प्रसादको रुपमा प्रयोग गर्ने गरिन्छ ।  विरुडा भिजाएको केहि दिनपछि महिलाहरुले सामुहिक रुपमा धान, साउ, तिल आदि विरुवाका बोटबाट गौराको प्रतिभा बनाइ गौरा घरमा भित्र्याउछन । गौरा भित्र्याइसकेपछि विर्सजन नगरिए सम्म गौराघरमा पुरुष तथा महिला छुट्टाछुट्टै रुपमा गोलाबद्ध भइ स्थानीय  लोकभाषामा डेउडा, धुमारी आदि खेलेर आनन्द लिन्छन र अनुकूल तिथि हेरेर

विसर्जन गरिने गौरापर्वले मानिसमा धार्मिक आस्था, आपसी सदभाव बढाउन मात्र नभइ यस व्रतमा ब्रत बसी शिव र गौरीको पूजाआजा गर्नाले सुख शान्ति प्राप्त हुने जनविश्वास छ । साथै यस पर्वमा नेपाल सरकारले देशभर गौरापर्व मनाउने समुदायलाइ सार्वजनिक विदा दिने गर्दछ ।

**गौरा पर्वका फागहरु**

नाच नाच लोली गोराउ
तुमरो कैसो नाच ।
नाककी नथीया विना नाच लै न आउनो
नाककी नथीया गोराउ हाम लेइ आउला ।
नाच नाच लोली गोराउ
तुमरो कैसो नाच ।
टाटुकी हरेवा विना नाच लै न आउनो
टाकुकी हरेवा गोराउ हाम लेइ आउला ।
नाच नाच लोली गोराउ
तुमरो कैसो नाच ।

**अभ्यास**

१. चाडपर्व भनेको के हो ?

२. हाम्रो समाजमा मनाइने विभिन्न प्रकारका चाडपर्वको नाम लेख ?

३. गौरापर्व कहिले देखि कहिले सम्म मनाइन्छ ?

४. गौरापर्वको धार्मिक र सास्कृतिक महत्व लेख्नुहोस ।

**क्रियाकलाप**

१. आफ्नो समुदायमा मनाइने विभिन्न चाडपर्वको नाम लेखी कक्षामा प्रस्तुत गर्नुहोस ।

# पाठ-२ हाम्रा सामाजिक संस्कार

संस्कार भनेको अनुशासित जोवन पद्धतिमा डोर्याउने माध्यम हो । संस्कार शब्दको उत्पत्ति सम एव कुश धातुमा धम प्रत्यय लागेर भएको हो । जसको अर्थ शुद्ध गरिएको भन्ने हुन्छ । संस्कार त्यस्तो प्रक्रिया हो । जसले मान्छेलाई सभ्य र सुसंस्कृत बनाउने काम गर्दछ । ऋषिकुलदेखि आर्ययुगसम्म आइपुग्दा मानिस शिक्षा र संस्कारले गतिशिल भएको पाईन्छ । कुलपूजा गर्नु, देव प्रतिमा स्थापित गरी मन्दिर बनाउन पाटीपौवा बाटो, इनार, विद्यालय वृद्धाश्रम, वाचनालय बनाउनु त्याग संस्कृति हो र निजी खर्चमा लोकको उपकार गर्ने कर्म गर्नु नै हाम्रो संस्कृतिको मौलिक पहिचान हो ।

संस्कृति वर्ष दिनको समय चक्रसँगै देखा पर्दछ । नयाँ वर्ष गुरुपुर्णिमा, दशै, तिहार, शिवरात्री आदि हाम्रा वार्षिक पर्व हुन । यिनका अतिरिक्त स्नोह संस्कार, गुरुपुराण, शिवपुराण, देवीभागवत श्रीमद्धागवत पुराणलाई मनशान्ति र गृह शान्तिका संस्कारका रुपमा लिइन्छ । मेला, पर्व, कृषिकर्म गर्दा वा घाँस दाउरा जादा गाइने गीतले लोक संस्कारलाई चिनाउछ । संस्कारले मानिसलाई सादमी जीवन,निष्षक्ष, न्याय, चुस्त जिम्मेवारी  पापको डर धर्मको भर सेवाको भाव, पुरुष्कार र दण्डको व्यावस्थापन  विपन्नलाई साथ, विद्रोहीलाई घात, निर्धालाइ मदत र वृद्धालाई आदर गर्ने कुरा सिकाउने हुन्छ । स्मृति र पुराणमा सामान्य तया १६ संस्कार मानिएका छन ।

जसलाई जन्म, शैक्षिक, विवाह र मृत्यु संस्कारमा विभाजन गर्न सकिन्छ । हाम्रो समाज अनुसार चारवटा संस्कार अनिवार्य गरिएका छन । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**१. नामकरण संस्कार:**

हिन्दु धर्मका १६ वटा संस्कार मध्ये नामकर्म संस्कार पनि एक हो । यसलाई न्वारन पनि भनिन्छ । शिशु जन्मेको ११ औं दिनमा  आ-आफ्नो रीतिरिवाज वा प्रचलन अनुसार नाम राख्ने गरिन्छ । हिन्दु वैदिक विधानमा शिशुको जन्म,तीथि,घडी, पला,नक्षत्र, समय र स्थान आदिलाई आधार मानेर नामाकरण गर्ने चलन रहेको छ ।

## २. ब्रतबन्ध संस्कार:

संस्कृत भाषामा व्रत भन्नाले प्रतिज्ञा भन्ने बुझिन्छ भने बन्ध भन्नाले बन्धन बुझिन्छ । ब्रतबन्ध विशेष सूचकको रुपमा रहेको मुण्डन अनि जनै धारण प्रक्रिया रहेका छन । त्यस उप्रान्त सत्कर्ममा लाग्ने, जप गर्ने , गायत्री मन्त्रको जप गर्ने जस्ता नित्यकर्मको पालन गर्ने प्रण गर्दछ ।

## ३. विवाह संस्कार:

एउटा पुरुष र एउटा स्त्रीले सँगै जीवन यापन गर्नका निम्ती गरेको आपसी सम्झौतालाई विवाह भनिन्छ । विवाहलाई दुई आत्मा विचको पवित्र मिलनको रुपमा पनि लिन सकिन्छ । हाम्रो समाजमा विभिन्न समाजमा विभिन्न जातजाति ,धर्म र सम्प्रदाय अनुसार विवाह कर्ममा केही फरक- फरक संस्कारहरु पाईन्छन । विवाह विभिन्न प्रकारका हुन्छन । मागी विवाह, भागी विवाह, चोरी विवाह जारी विवाह र प्रेम विवाह आदि ।

## ४. मृत्यु संस्कार:

मृत्यु संस्कारलाई अन्तिम संस्कार पनि भनिन्छ । मृतकका नातेदारले मृत्युपछिको जीवनमा मृतकलाई सुख र कल्याण होस भन्ने हेतुले यो संस्कार सम्पन्न गर्छन । हिन्दु धर्ममा आत्मा र शरीर छुट्टिनुनै भौतिक अर्थमा मृत्यु हो ।

**अभ्यास**

१. संस्कारको विकास कसरी भएको पाइन्छ ?

२. संस्कारले मानिसलाई के –के कुरा सिकाएको छ ?

३. त्याग संस्कृति भित्र पर्ने कुनै चारवटा संस्कृतिको नाम उल्लेख गर्नुहोस ।

४. हाम्रो समाजमा कति वटा संस्कार रहेका छन ? कुनै दुई संस्कारको बारेका लेख ।

**क्रियाकलाप**

१. हाम्रो समाजभित्र भएका विभिन्न संस्कारहरुको नाम र उक्त संस्कार अपनाउदा गरिने कार्यकलाप कक्षामा प्रस्तुत गर्नुहोस ।

# पाठ- ३ हाम्रा मौलिक परिकार

परम्परादेखी घर भान्छामा पाक्दै आएका खाद्य परिवारलाई हाम्रा मौलिक परकार भनिन्छ । हाम्रा मौलिक परिकारहरु हाम्रो पहिचानका महत्वपूर्ण स्तम्भ हुन । आफ्नो खानपिनका परम्परा र विशेषताहरुका बारेमा जान्नु र लोक परिकारहरु पकाएर खान खुवाउन सक्नु महत्वपूर्ण स्तम्भ हुन । आफ्नो खानपानका परम्परा र विशेषताहरुका बारेमा जान्नु र लोक परिकारहरु पकाएर खान खुवाउन सक्नु महत्वपूर्ण सामाजिक सास्कृतिक सिप हो । संस्कृतिको स्वादले हाम्रो सामाजिक र सार्थक सम्बन्धकर्ता सरल र सहज बनाउन सक्छ ।

कला सस्कृति र प्राकृतिक सम्पदाले भरिपूर्ण सुदूरपश्चिम प्रदेश मौलिक परिकारका दृष्टिले पनि भिन्न छ । गतानी डुप्का बटुक देखी झर सम्मका खानेकुराहरुले सुदूरपश्चिमको स्थानीय शैली झल्काउछन । माडा, निसोसे रोटीदेखि मास,कोदो र सिस्नोको फाँडो सम्मका परिकारहरु यहाँका पहाडी भेगका चुलोमा पाक्छन ।

तराईको समथल भू-भागमा बसोवास गर्ने राना थारु र चौधरी समुदायका अलगै मौलिक परिकार छन । ढिक्री, अण्डीको भात घोघी, गंङगटा माछा, कचरी, बरिया, बंगुरको सुकुटी , लोकल कुखुराको मासु जस्ता परिकार यो समुदायको अलग स्वाद झल्काउन पर्याप्त छन । हाम्रो समाजमा रहेको केही मौलिक परिकार रहेका छन ।

- **फाउने र ताले माडा** : चामलको पिठोबाट बनाइने एक प्रकारको रोटीलाई माडा भनिन्छ । यसलाई सुदूरपश्चिमेलीहरुको विशेष खानाका रुपमा लिइन्छ । माडा, फाउने र ताले गरी दुइ प्रकारका हुन्छन ।

**फाउने माडा** चामलको पिठो, दहि चामलको पिठो,दहि मह र चिनी मुछेर तावामा रोटी आकारका पकाइन्छ । पाकेको माडामा घिउ लगाएर रोटीको तह थप्नै पकाइने परिकारलाई ताले माडा भनिन्छ । अछाम बैतडी र डडेल्धुरामा ताले माडा र डोटी जिल्लामा फाउने माडा पकाउने चलन छ । ताले माडाको तुलनामा फाउने माडा पकाउन सजिलो हुन्छ ।

**गतानी डुप्का**

गतानी डुब्का सुदूरपश्चिमको दाल बिशेष परिकार हो । भिजाएको मासको दाल पिसेर त्यसको गोलो रोटी जस्तो आकार बनाई गहत र मासको दालमा पकाइ यो परिकार बनाईन्छ ।

**निसोसे**

चाडपर्वका  बेला सुदूरपश्चिमका पहाडी जिल्लामा पकाउने मौलिक परिकारमा निसोसे पनि पर्छ । विशेष गरी डोटी, डडेल्धुरा, बैतडी र अछाम जिल्लामा यो परिकार पाक्छ ।केरा,बिउ,दहि र चामलको पिठो एकै ठाउँमा मिसाएर केराको पातले हावा नछिर्ने गरी बाँधेर आगोमा मन्द आगोमा सेकेर निसोसे तयार गरिन्छ ।

**बटुका**

यो मासको दालबाट बनाइने परिकार हो र भिजाएको मासको दाललाई सिलौटामा पिसेर गोलो आकार दिइ तेल वा घिउमा तारेर बटुका तयार गरिन्छ ।

**अभ्यास**

१. मौलिक परिकार भनेको के हो ?

२. सुदूरपश्चिम प्रदेशका मौलिक परिकारका नाम लेख।

३. राना,थारु,चौधरीहरुका मौलिक परिकारहरुका नाम लेख।

४. निसोसे कसरी तयार गरिन्छ ?

५. फाउने र ताले माडा बिच के कस्तो भिन्नता छ लेख।

**क्रियाकलाप**

१. आफ्नो गाउँ समाजमा पकाइने स्थानीय परिकारका नाम र उक्त परिकार तयार पार्न गरिने क्रियाकलापको बारेमा अन्तरक्रिया गर्ने लगाउने।

# एकाइ- ५ सामाजिक ख्याति प्राप्त व्यक्तित्व

## पाठ-१ जयपृथ्वी बहादुर सिंह

## पाठ-२ पहलमान सिंह स्वाँर

# पाठः १ जयपृथ्वीबहादुर सिंह

**जयपृथ्वीबहादुर सिंह** एक बझाङ्गी राजा थिए । जयपृथ्वीको जन्म विसं १९३४ भदौ ७ गते (इ.सं.१८७७) सेती अञ्चलको बझाङमा भएको थियो । उनले लेखेका अक्षराङ्क शिक्षा नामक पुस्तक नेपाली भाषाको पहिलो पाठ्यपुस्तक मानिन्छ । त्यस्तै उनको प्राकृतव्याकरण नामक अर्को पुस्तक पनि गोरखापत्र छापाखानाबाट विसं १९६९ प्रकाशित भएको थियो । जयपृथ्वीबहादुर सिंहले लेखेका नेपाली भाषाको पुस्तक 'अक्षराङ्क' मा देवनागरी लिपिका साँवाअक्षर, गणितका साधारण हिसाव, तत्कालीन चलनचल्तीमा रहेको नापतौल, वर्ष, महिना, दिन, ऋतु, अङ्ग्रेजी महिनाका नाम आदि कुरा समावेश गरिएका थिए । उनको "अक्षराङ्क शिक्षा" नामक पुस्तकमा बाह्रखरी अक्षर ज्ञान, गणितको एकावली, पहाडा, विभिन्न वर्गाङ्क, जोडघटाउ, भाग, गुणन र इस्लाम धर्मका चाडपर्वको पनि उल्लेख छ । जयपृथ्वीले अक्षराङ्क शिक्षा लेखेर विसं १९५८ मा प्रकाशित गरेपछि, त्यो पुस्तक कोसेढुङ्गोको रूपमा स्थापित भएको छ ।



राजा जयपृथ्वीले शिक्षालाई खुबै महत्त्व दिएका थिए । वि.सं १९४८ मा, १४ वर्षको उमेरमा हुँदा उनले ब्रिगेड नामक अङ्ग्रेजी पुस्तकलाई नेपालीमा अनुवाद गरेका थिए । वि.सं १९५५ मा बझाङबाट पिछडिएका मानिसहरूलाई काठमाडौँ ल्याई तालिम दिएर बझाङमा छाला प्रशोधन, तामा, फलाम तथा नेपाली कागज, घरेलु कपडा र सिलाइ उद्योग स्थापना गरेका थिए । उनले आठजना विद्यार्थी काठमाडौँमा पढ्न पठाएका थिए । सामान्य शिक्षा आर्जन गरेपछि ती आठैजना बझाङका विभिन्न अड्डा, स्वास्थ्य र शिक्षण संस्थाका कारिन्दा भएका थिए। त्यसपछि पनि उनले त्यहाँका केही मानिसहरूलाई भारतको अलमोडा पढ्न पठाएका थिए । साथै उनले वि.सं १९६२ मा, काठमाडौँको नक्सालको आफ्नै घरमा

सत्यवादी पाठशाला पनि खोलेका थिए । पछि उनले काठमाडौँको सत्यवादी प्राथमिक पाठशाला वि.सं १९७० मा बझाङमा सारेका थिए । त्यहाँको यो प्रथम विद्यालय थियो ।
जयपृथ्वीले देवशमशेरलाई स्कुल खोल्नुपर्छ र नेपाली भाषामा शिक्षा दिनुपर्छ भनेर सुझाव दिएका थिए । अनि उनले विभिन्न पाठ्यपुस्तक पनि लेखेका थिए । त्यसबेला विद्यार्थीले जयपृथ्वीले लेखेको 'अक्षरङ्क शिक्षा' पठनपाठन गरिन्थ्यो । उनले क्रमश: अरु बौद्धिक किताबहरू पनि लेखेका थिए । उनले जम्मा १८ वटा किताब लेखेका थिए । जयपृथ्वीले राजा भएपछि पनि पढेका थिए । उनको पढाइ काठमाडौँको दरबार हाई स्कुलमा भएको थियो । उनले कोलकाता गएर म्याट्रिक उतिर्ण गरेका थिए । अनि उनले प्र्याागमा आइए पढेता पनि तर पूरा गर्न भने सकेनन् । जयपृथ्वीको १७ वर्षको उमेरमा वि.सं १९५१ श्री ३ चन्द्रशमशेरकी १४ वर्षीया छोरी खगेश्वरीदेवीसँग विवाह भएको भएको थियो । जयपृथ्वीले बझाङमा आर्थिक सुधारका नाउँमा भूमिसुधारको व्यवस्थापन गरेका थिए । उनैले वैज्ञानिक ढङ्गबाट नापीको व्यवस्था पनि गरेका थिए । त्यहाँ औषधालय पनि स्थापना गरिएको थियो । खग औषधालय र जयपृथ्वी धर्म औषधालय त्यस भेकको पहिलो औषधालय थियो । उनले त्यहाँ कोलकत्ताबाट चिकित्सक पनि ल्याएका थिए । उनले काठमाडौँबाट त्यहाँ धोबी र च्यामे पनि पुऱ्याएका थिए । २५ वर्षीय जयपृथ्वीलाई प्रधानमन्त्री चन्द्रशमशेरले कोलकात्तामा वकील बनाएर पठाएका थिए । त्यतिबेला उनी त्यहाँ तीन वर्ष बसेर अङ्ग्रेजी भाषाको विशेष ज्ञान हासिल गरेका थिए । तर नेपालमा नेपाली भाषाकै किताब छापेर प्रचार गर्ने उद्देशले उनी नेपालै फर्किएका थिए । नेपाल आउँदा उनले हाते प्रेस किनेर ल्याएका थिए । चन्द्रशमशेर प्रधानमन्त्री भएपछि नरदेव पाण्डेलाई खोसेर आफ्ना ज्वाइँ जयपृथ्वीलाई गोरखापत्रको तालुकदार बनाइएको थियो । त्यतिमात्र होइन राणाले गोरखापत्रको सम्पूर्ण आम्दानी पनि सिंहले नै खाने कागत गरिदिएका थिए ।
जयपृथ्वीबहादुर सिंहको १९९७ साल असोज १ गते ६४ वर्षको उमेरमा भारतको बेङ्गलोरमा निधन भएको थियो । नेपालको शिक्षा क्षेत्रको विकास तथा विश्वसामु नेपाललाई चिनाउन पुऱ्याएको योगदानको कदर स्वरुप मन्त्रिपरिषद्ले जयपृथ्वीबहादुर सिंहलाई २०७९ असार ६ गते राष्ट्रिय विभूति घोषणा गर्ने निर्णय गरेको थियो ।

**अभ्यास**

१. जयपृथ्वी बहादुर सिंह कहाँका राजा थिए ? र उनको जन्म कहिले भएको थियो ?

२. जयपृथ्वी बहादुर सिंहले लेखेका पुस्तकहरुको नाम लेख्नुहोस् ।

३. जयपृथ्वी बहादुर सिंहले गरेका सुधार कार्यहरुको सूची बनाउनुहोस् ।

४. जयपृथ्वी बहादुर सिंहलाई कहिले राष्ट्रिय विभूति घोषणा गरिएको थियो ?

५. जयपृथ्वी बहादुर सिंहले राणा प्रधानमन्त्री देव शमशेरलाई कुन कार्यमा साथ दिएका थिए ?

**परियोजना कार्य**

जयपृथ्वी बहादुर सिंहले सामाजिक सुधारमा गरेका योगदानहरु बारे कक्षामा छलफल गरी नेपालको शैक्षिक विकासमा उनले गर्नु भएको योगदान बारे लेखि कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठः २ पहलमान सिंह स्वाँर



**पहलमान सिंह स्वाँर** नेपाली भाषाका नाटककार तथा साहित्यकार थिए । उनको जन्म बि.स. १९३५ साल सुदूरपश्चिमको अछाम जिल्लाको रिडिकोटमा बुवा लक्ष्मीसिंह स्वाँर र आमा डीकरा देवी स्वाँर (पानमता) को कोखबाट भएको थियो। सात दाजुभाई मध्ये उनी सबै भन्दा कान्छा थिए । सम्पन्न परिवारमा जन्मेकाले उनको बाल्यकाल राम्रो संगनै बित्यो । १६ वर्षको उमेरमानै उनले सरकारी सेवामा प्रबेश गरेका थिए । बहुप्रतिभाका धनि भाषा, साहित्य, सामाजिक चेतना परिवर्तनमा विशेष योगदान छोड्न सफल स्वाँरले त्यस बेला समाजमा रहेको बालबिबाह, बहुबिबाह, छुवाछुत, जातपात जस्ता कुरामा बिरोध जनाएको पाइन्छ । राणा शासनमा उनका बुवाको सर्बस्वो हरण गरियो, त्यसबेला उनी भागेर भारतको सिंहाई भन्ने ठाउमा गएर केहि समय कपडा उधोग चलाएर बस्नु भएको थियो। यसरि समाजको निम्ति धैरै काम गर्दा गर्दै स्वाँरको ५६ वर्षको उमेरमानै देहान्त भयो। स्व. पहलमान सिंह स्वाँरका नामबाट कैलालीमा पहलमानपुर गा.बि.स., स्कूल, सिलगढी साँफे सडकलाई पहलमान सिंह मार्ग नामाकरण गरिएको छ भने पहलमान सिंह स्वाँर स्मृति पुरुस्कारको पनि स्थापना गरिएको छ।

**भाषा, साहित्य**

पहलमान सिंह स्वाँरको नेपाली भाषा, साहित्यमा ठुलो योगदान रहेको पाइन्छ। नेपाली साहित्यमा पहिलो दुखान्त नाटक लेख्न सफल स्वाँरले आछमी भाषामा पनि लालुभागा नामको नाटक लेखेका छन् । साहित्यका विभिन्न बिधामा कलम चलाउन सिपालु स्वाँरले कविता, काब्य बिधामा- प्रेमामृत कविता सङ्ग्रह, बाल उपदेश, खोर रहस्य नाटक बिधामा- अटल बहादुर, लालुभागा, बिष्णुमाया, जगत सिंह । ईतिहास बिधामा- अछामका चाँड पर्व, स्वाँरको कुरा अन्केंदुशेखर, सत्तर जेलखानको नियम, नेपाल उद्योग

कलकारखाना सामान्य नियम, कर सम्बन्धि सुझाब, एकलाख रुपियाको चोरी, धर्म, दर्शनतीर- योग दर्शन, रामायण किस्किनधा काण्ड, भाजनमाला लगायत ३२ कृतिहरु प्रकाशित भएका छन् ।

**अभ्यास**

१. पहलमान सिंह स्वारले समाजको विकास तथा सुधारका लागि गरेका पहलहरु लेख्नुहोस् ।

२. पहलमान सिंह स्वारले लेखेका कुनै ५ वटा कृतिको नाम लेख्नुहोस् ।

३. पहलमान सिंह स्वारले भाषा र साहित्यको क्षेत्रमा पुऱ्याएको योगदान बारे लेख्नुहोस् ।

**परियोजना कार्य**

तपाईको समुदायमा कला, साहित्य र भाषाको क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तिको खोजी गरि छोटो जीवनी लेख्नुहोस् ।

## एकाइ-६ हाम्रा प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

### पाठः १ हाम्रा एतिहासिक, धार्मिक र प्राकृतिक सम्पदा

### पाठः २ हाम्रा सम्पदा र तिनका विशेषता

### पाठ-३ हाम्रा मुख्य प्राकृतिक स्रोतहरु



# पाठ-१ हाम्रा ऐतिहासिक धार्मिक र प्राकृतिक सम्पदा

मिति २०७९/१०/१६

प्रिय साथी निसिका,

नमस्कार सुमधुर सम्झना।

म सञ्चै छु तिमीलाई पनि सन्चै होला भन्ने आशा र विश्वासका साथ यो पत्र लेखिराखेकी छु। साथी तिमीले पठाएको पत्र अस्ति मात्र पाए त्यसैले तिमीले सोधेका प्रश्न वा जिज्ञासाको जवाफ यसै पत्र मार्फत लेख्ने कोशिस गरिरहेकी छु। सुदूरपूर्वको माटोमा जन्मिएर सुदूरपश्चिममको डडेल्धुरा जिल्लाका ऐतिहासिक धार्मिक तथा प्राकृतिक सम्पदाको बारेमा जान्ने इच्छा राख्नु भएकोमा धैरै- धैरै धन्यवाद दिन चाहन्छु।

प्रकृतिक र धार्मिक छटाहरुले सजिएको मेरो डडेल्धुरा अत्यन्त सुन्दर र रमणीय स्थान हो। यस क्षेत्रमा विभिन्न धार्मिक ऐतिहासिक र प्राकृतिक वैभवहरु रहेका छन। जसलाइ हामी हाम्रा अमूल्य सम्पदाका रुपमा चिन्ने गर्दछौ। धार्मिक सम्पदाहरुले हाम्रो धर्म, संस्कृति, लोकजिवन, संस्कार, परम्परा,भेषभूषा र समग्र जन जीवनको रन्को प्रस्तुत गर्ने गर्दछन्। यस्ता धार्मिक सम्पदाहरु मध्ये उग्रतारा मन्दिर,घटालस्थान, पर्शुरामधाम, भागेश्वर, असिग्राम, गन्यापधुरा, समैजी, सहस्त्रलिङ्ग, डागेश्वरी प्रमुख स्थलका रुपमा रहेका छन। साथी यी सवै धार्मिक स्थलको आफ्नै पहिचान र छुट्टै विशेषता रहेका छन्। जसलाइ अहिले शब्दद्धारा वर्णन गर्न असमर्थ छु।



ऐतिहासिक डोटेली राज्यको राजधानीका रुपमा चर्चित डडेल्धुरामा धार्मिक सम्पदाका अतिरिक्त ऐतिहासिक सम्पदा पनि रहेका छन। जसमा अजयमेरुकोट र अमरगढी किल्लाको महिमालाई विर्सन सकिदैन। साथी यी क्षेत्रमा प्रचीन सम्पदाका राजा रजौटाहरुको विरतको गाथा झल्किने ऐतिहासिक महिमाका विषयवस्तुहरुको अहिलेम पनि अवलोकन गर्न सकिन्छ।

प्रकृतिको वरदान प्राप्त यस क्षेत्रमा विभिन्न गाड, खोला, तल झरना, वनजंगल आदि प्राकृतिक सम्पदाको सजीव चित्र नियाल्न पनि सकिन्छ। यस क्षेत्रमा प्रमुख गाड वा खोलाहरुमा रंगुन, रडुवा ,रुपालीगाड, घटाल, सुर्नया, रुवाखोला, सकायल, ठूलीगाड, दोगाड आदि प्रमुख रुपमा रहेका छन्।

त्यस्तै यस जिल्लाको विशेष उल्लेखनीय ताल तथा झरनाहरुमा आलिताल गाउँपालिकामा रहेको ३०० मिटर लम्बाई र ८० मिटर चौडाई २० मिटर गहिराइ भएको आलिताल लाई लिन सकिन्छ । झरनाहरुमा भागेश्वर गाउँपालिकामा रहेको सहिलको झरना र आलिताल गाउँपालिका कै कुमाडेगाड झरना रहेका छन । कुल भू-भागको ७५% वनजंगलले ढाकिएको मेरो डडेल्धुरामा दक्षिणी भेगमा उष्णसदावहार जंगल र उच्च पहाडी भेगमा समशितोष्ण कोणधारी जंगलले सजिएको छ। यिनै प्राकृतिक सम्पदाहरुले मेरो डडेल्धुराको सुन्दरतामा एक इटा थप्ने काम गरेको छ।



साथी तिमीले राखेको जिज्ञासाको जवाफ मैले यो पत्र मार्फत पठाएकी छु। पत्रमा संकेत गरिएका प्राकृतिक धार्मिक र ऐतिहासिक स्थलको प्रत्यक्ष अवलोकनको लागि एक पटक सुदूरपूर्वबाट सुदूरपश्चिमको यात्रामा निस्कनु होला भन्दै तीव्र गतिमा चलेको कलमलाई पनि विश्राम दिन्छु। हवस् त धन्यवाद।

उही तिम्री साथी

सुवासना भट्ट

अजयमेरु-३ भद्रपुर

डडेल्धुरा।

**अभ्यास**

१. हाम्रो जिल्लामा के कस्ता सम्पदाहरु रहेका छन ?
२. डडेल्धुरा जिल्ला भित्रका प्रमुख धार्मिक सम्पदाको नाम लेख ।
३. ऐतिहासिक सम्पदाको परिचय दिदै जिल्ला भित्रका ऐतिहासिक सम्पदाको नाम लेख ।
४. डडेल्धुरा जिल्लका प्रमुख गाड वा खोलाको सूची बनाऊ ।
५. हाम्रो जिल्लामा कस्तो प्रकृतिको वनक्षेत्र रहेको छ ?

**क्रियाकलाप**

१. आफ्नो वरपर भएका प्रमुख धार्मिक, ऐतिहासिक र प्राकृतिक सम्पदा नाम टिपोट गर्नुहोस् । उक्त सम्पदाले हाम्रो जीवन भोगाइमा पारेको प्रभावको बारेमा समूहमा छलफल गर्नुहोस् ।

# पाठ-२ हाम्रा सम्पदा र तिनका विशेषता

(शिक्षक र विद्यार्थी विद्यालय जादा बाटोमा कुराकानी गर्दै ।)

**विद्यार्थी** – सर नमस्कार ।

**शिक्षक -** नमस्कार अहो ! तिमीहरु विद्यालय जान छोडेर बाटोमा बसी के को बारेमा कुराकानी गरीरहेका छौ?

**विद्यार्थी -** सर हिजो कक्षा क्रियाकलापको अन्त्यमा हजुरले हाम्रा सम्पदाको बारेमा पढेर आउनु भन्नुभाथ्यो नि हो, त्यसैको बारेमा कुराकानी गरी रहेकाछौ ।

**शिक्षक** - (अलि हासेर----) होर कस्तो राम्रो काम सबै साथी मिलेर अन्तर्क्रिया छलफल गर्यो भने सबैलाई सिक्ने मौका पनि मिल्छ सम्बन्ध पनि प्रगाढ हुन्छ ।

**विद्यार्थी** –(अलि नम्र स्वरमा) सर पढन त पढेका छौ, तर स्पष्ट रुपमा विषयवस्तु बुझिएन । हाम्रा केही प्रश्नहरु थिए, सरबाट ति प्रश्न र जिज्ञासाको उत्तर पाए आभारी हुने थिए ।

**शिक्षक** – अहो ! के छन् त्यस्ता जिज्ञासा भनन म बताउने प्रयास गर्छु ।

**विद्यार्थी**- सर सम्पदा भनेको के हो ?

**शिक्षक**- कुनै पनि व्यक्ति वा समुदायको मात्र नभइ सबैका निम्ति रहेको साझा सम्पत्तीलाई सम्पदा भनिन्छ ।

**विद्यार्थी**- हाम्रा प्रदेश अन्तर्गत के कस्ता सम्पदाहरु रहेका छन सर ?

**शिक्षक**- कस्तो सजिलो कुरा ल म भन्छु ध्यान दिएर सुन, हाम्रो प्रदेश अनेक किसिमका विवधताले भरिपूर्ण छ । यिनै विविधतापूर्ण विषयवस्तुलाई हामी हाम्रा सम्पदाका रुपमा लिन सक्छौ । हाम्रो प्रदेश अन्तर्गत धार्मिक ऐतिहासिक प्राकृतिक विभिन्न सम्पदाहरु रहेका छन् ।

**विद्यार्थी** - हाम्रो प्रदेश भित्रका धार्मिक सम्पदाहरु कुन कुन हुन सर ?

**शिक्षक** – भाइबहिनीहरु यो प्रश्नको उत्तर धेरै लामो हुन सक्छ त्यसकारण म हाम्रो प्रदेश भित्रका मूख्य धार्मिक सम्पदाको नाम भन्छु ल ।

(मालिकार्जुन)



**विद्यार्थी** – हुन्छ सर।

**शिक्षक** – हाम्रा धार्मिक सम्पदा अन्तर्गत डडेल्धुराका उग्रतारा, पर्शुराम, बैतडीका मेलौली, निङ्लासैनी, त्रिपुरासुन्दरी, दार्चुलाका मालिकार्जुन, हुनैनाथ, अछामका रामारोशन, पञ्चदेवल, बैजनाथ धाम, बझाङका तपोवन, खप्तड बाबाको कुटी, सुर्मादेवी मन्दिर, बाजुराका बडिमालिका, नाटेश्वरी, डोटीको शैलेश्वरी, कैलालीका गोदावरी धाम, नैनादेवी, बेहडाबाबा, कञ्चनपुरका वेदकोटधाम, सिद्धनाथ मन्दिर, झम्केकी आदि हाम्रा प्रदेशका मुख्य धार्मिक सम्पदा हुन।

**विद्यार्थी** – आहा ! सर कति धैरै कुरा बताइ दिनु भयो। हाम्रा धार्मिक सम्पदाका विशेषता के कस्ता छन यो पनि जान्न पाए हुन्थ्यो सर।

**शिक्षक** – हाम्रा धार्मिक सम्पदाका विशेषता बुदाँगत रुपमा भन्छु ल।

- विविधतामा एकता
- सबैको कल्याण गर्नु
- सहयोग र मित्रवत भावना राख्नु
- शिष्ट आचरण

- सुख र शान्ति

**विद्यार्थी** – (समूहबाट अर्को विद्यार्थीको प्रश्न आउछ) सर धार्मिक सम्पदाको बारेमा त स्पष्ट भयो अव प्राकृतिक सम्पदाको बारेमा पनि जान्ने मन छ सर ।

**शिक्षक** – (खुसी भएर) तिमीहरुको जान्ने इच्छा राख्नु नै हाम्रो सफलता हो । म प्राकृतिक सम्पदाको बारेमा पनि भन्छु । प्रकृतिमा आफसे आफ उत्पन्न भएका सम्पदालाई प्राकृतिक सम्पदा भनिन्छ । जस्तै वन-जंगल, नदी, हिमाल, माटो, हावा,खनिज, चट्टान आदी । प्राकृतिक सम्पदा भित्र मुख्यत: जलसम्पदा, वनसम्पदा र प्राकृतिक सौन्दर्यका कुरा पर्दछन् ।

**विद्यार्थी** – सर धार्मिक सम्पदा जस्तै हाम्रो प्रदेशमा प्राकृतिक सम्पदाको पनि नाम होलान नि ?



**शिक्षक** – छन नि किन नहुनु हाम्रो प्रदेश प्रकृतिक वैभवहरुको पुञ्ज हो । यहाँ अपि र सैपाल जस्ता हिमाल, महाभारत र चुरे क्षेत्रको वन, सेती र महाकाली जस्ता निर्मल नदी, खप्तड, शुक्लाफाँटा र अपिनाम्पा जस्ता निकुञ्ज र संरक्षण क्षेत्र यिनै त हाम्रा प्राकृतिक सम्पदा हुन् । प्राकृतिक सम्पदाको महिमा हाम्रा ऐतिहासिक सम्पदासँग पनि जोडिएको छ ।

**विद्यार्थी** – धार्मिक र प्राकृतिक सम्पदाका अतिरिक्त ऐतिहासिक सम्पदा पति छन र सर ?

**शिक्षक** – सुदूरपश्चिम प्रदेश ऐतिहासिक डोटेली राज्यको राजधानी पनि हो । यहाँका प्रत्येक जिल्लामा ऐतिहासिक सम्पदा पनि छन् । जस्तै डडेल्धुरामा अजयमेरुकोट,अमरगढी किल्ला, बैतडीमा द्यौलाकाडा

क्षेत्र, कोटपेटरा, दार्चुलामा सिद्धकुमारी कोट, नाम्पा, ब्यास, महलको भग्नावशेष, डोटीमा शिलगढी किल्ला, कोट भैरव, डोटेली राजाको दरबार, अछाममा मंगलसेन दरबार, पञ्चदेवल, बझाङमा खप्तड क्षेत्र, थलाराकोट बाजुरामा पाण्डव गुफा, कुडीकोट दरबार आदि हाम्रा ऐतिहासिक सम्पदा हुन् ।

**विधार्थी** – यति धेरै सम्पदाको संगम स्थल रहेछ हाम्रो सूदुरपश्चिम धेरै धेरै धन्यवाद सर यो अनमोल ज्ञानको लागि ।

**शिक्षक** – अहो । धन्यवाद भाईबहिनीहरु कुरा गर्दा गर्दै समय गएको पत्तै भएन । विद्यालय आईपुगेको ।

(विद्यालयको धन्टी बज्छ विद्यार्थी कक्षाकोठामा र शिक्षक आफ्नो कार्यालय तिर जानुहुन्छ ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. सम्पदा भनेको के हो ?

२. हाम्रा धार्मिक सम्पदाका नाम लेख ।

३. सूदुरपश्चिम प्रदेशका मुख्य ऐतिहासिक सम्पदाको सूची बनाउनुहोस् ।

४. हाम्रा धार्मिक सम्पदाका विशेषता लेख्नुहोस् ।

५. प्राकृतिक सम्पदा भनेको के हो ? हाम्रो प्रदेश भित्र रहेका मुख्य मुख्य प्राकृतिक सम्पदाको नाम लेख ।

**क्रियाकलाप**

१. हाम्रो प्रदेश भित्र भएका धार्मिक , ऐतिहासिक र प्राकृतिक सम्पदाले त्यस क्षेत्रको विकासमा के कस्तो प्रभाव पारेको छ । सो विषयमा शिक्षक र विद्यार्थी सामूहिक रुपमा कक्षाकोठामा अन्तरक्रिया गर्नुहोस् ।

# पाठ-३ हाम्रा मुख्य प्राकृतिक स्रोतहरु



हामीलाई बाँच्नका लागि आवश्यक पर्ने र प्रकृतिमा उपलब्ध भएका वस्तुलाई प्राकृतिक स्रोत भनिन्छ । यस्ता स्रोतहरुमा हावा, पानी, जमिन, वनजंगल, वन्यजन्तु र खनिज पदार्थ हुन । यो बाहेक प्रकृतिमा मुख्य रुपमा रहेको तापको स्रोत सूर्य पनि प्राकृतिक स्रोत हो । यिनीहरु मध्ये कुनै स्रोतहरुबाट निरन्तर रुपमा हामीहरु शक्ति पाइरहेका हुन्छौ  भने कुनै स्रोत एकपटक सकिएपछि वा त्यसको अवस्था बिग्रेपछि फेरी पुनरुत्पादन गर्न सकिन्छ । यसैगरी अर्का थरीका प्रकृतिक स्रोत पनि प्रकृतिमा छन । जसको प्रयोग गर्दै सकिएपछि फेरी उत्पादन गर्न सकिदैन । हामीले निरन्तर शक्ति पाइरहेका स्रोतलाइ  अनन्त स्रोत भनिन्छ। जस्तै सूर्यशक्ति, वायुशक्ति ज्वालामूखी विस्फोटन आदि । त्यस्तै फेरी उत्पादन गर्न सकिने  स्रोतलाई नवीकरणीय स्रोत भनिन्छ । जस्तै स्वच्छहावा, स्वच्छपानी, उर्वरमाटो वनस्पति, पशुपक्षीं आदि



। यी स्रोतहरुको अवस्था एक पटक विग्रे पनि फेरी पहिलेकै अवस्थामा ल्याउन सकिन्छ । हावा र पानीको अवस्था विग्रेपनि त्यसलाई स्वाच्छ बनाउन सकिन्छ । त्यसैगरी माटोको  उर्वरशक्ति घटेता पनि फेरी उर्वरशक्ति पहिलेकै स्थितिमा ल्याउन सकिन्छ । प्रयोग गर्दा सकिएपछि फेरी उत्पादन गर्न नसकिने स्रोत लाई

अनवीकरणीय स्रोत भनिन्छ । जस्तै खनिज पदार्थहरु प्रयोग (धातुहरु) र अधातु  यी खनिजहरु प्रयोग गर्दै सकिएपछि फेरी उत्पादन गर्न सकिदैन ।

अजयमेरु गाउँपालिकाका प्रकृतिक स्रोतहरुको बारेमा अध्ययन गर्दा यहाँ विभिन्न ठाँउमा वनजंगल रहेका छन  भने ती जंगलमा वन्यजन्तु रहेका छन । अन्य स्रोतमा हावा पानी जमिन खनिज पनि रहेका छन । खनिजका रुपमा धातुगत खनिज नपाइए तापनि अधातुगत रुपमा ढुङ्गा पलेटा (पत्थर) सेतो, रातो, कालो माटो आदि प्राकृतिक स्रोत रहेका छन । गाउँपालिकाका सबै बस्तिहरुमा पर्याप्त मात्रामा पानीको अभाव रहेको छ । वनजंगलमा रहेका विभिन्न जडीबुटीहरु जस्तै दालचिनि, टिमुर, बोझो, सेलफोडे, अमला, देवदारको तेल र शीलाजित आदि पनि मुख्य प्रकृतिक स्रोत रहेका छन ।

सुदूरपश्चिम प्रदेश अन्तरगत रहेका केहि महत्वपूर्ण प्राकृतिक क्षेत्रहरु

१ शुक्लाफाटा क्षेत्र

२ घोडाघोडी क्षेत्र

३ रामारोसन

४ अपिनाम्पा

५ सुर्मा सरोवर

६ सैपाल

७ खप्तड

८ आलिताल

९ महाकाली नदी

१० सेती नदी



**अभ्यास**

१. **तलका प्रश्नको उत्तर लेख्नुहोस् .**

(क) प्राकृतिक स्रोत भनेको के हो ?

(ख) कस्ता स्रोतलाई नवकरणीय स्रोत भनिन्छ।

(ग) अजयमेरु गाउँपालिकामा रहेका जंगलहरुमा के कस्ता जडीबुटी पाईन्छन ?

(घ) अनन्त प्राकृतिक स्रोतका उदाहरण दिनुहोस्।

(ङ) खनिज पदार्थलाई किन अनवीकरणीय स्रोत भनिन्छ ?

२. **निम्न लिखित प्राकृतिक स्रोतको वर्गीकरण गर्नुहोस् ।**

सौर्यशक्ति, तामा, फलाम, स्वच्छ हावा, वायुशक्ति, उर्वरमाटो, वनजंगल, ढुङ्गा, ज्वालामुखी

**परियोजना कार्य**

आफू वसोवास गरेको क्षेत्रमा भएका प्राकृतिक स्रोतको सूची बनाइ तिनीहरुको स्थितिका बारेमा र महत्व सहित उलेलेखगरी प्रतिवेदन तयार पार्नुहोस्।

# पाठः ४ भागेश्वर मन्दिर

**परिचय**

भागेश्वर देवताको नामले भागेश्वर गाउँपालिकाको स्थापना भएको हो । यहाँ भागेश्वर देवताको बारेमा जान्नु जरुरी भएको कारण भागेश्वरको बिषयमा केही चर्चा र यथार्थता यस्तो छ ।




भागेश्वर शिवजीका "फुटलिङ्ग" मानिन्छन् । यस स्थानमा २२ पाटा कुमाऊँ २२ मढ तथा २२ गाउँबाट धुपपोखल आएर भागेश्वरको पूजाआजा गर्ने चलन रहेकोछ । २२ गाउँको ढुङ्गा, पाथर, काठ, नगदजिन्सी र मिस्त्री सहितका बस्तु ल्याएर भागेश्वरको मन्दिर निर्माण सहितका काम गर्नुपर्दछ । यहाँ भागेश्वर देवताको देउरो पनि २२ स्थानबाट आउँछ । भागेश्वरसँग पासो, कैलपाल, कनवेताल हुन्छन् । पासो देवता भागेश्वरको प्रमुख द्वारपाल हो । कालशैन, घटाल र विभिन्न स्थानका भागेश्वर देवताको गाँज, देउरो भागेश्वरको जाँतमा आउँछ । भागेश्वर देवता दुई पटक पूजिन्छन् । श्रावण शुक्लपूर्णिमा तथा रक्षावन्धनका दिन दिउँसो पूजिन्छन र कार्तिक शुक्लवैकुण्ठचर्तुदशीका दिन राती पूजिन्छन् । यस स्थानमा सिराडका पूजाराले पूजाको व्यवस्थापन गर्नु पर्ने र चटौत ब्राह्मणले पूज्नु पर्ने नियम छ । यहाँ कश्यप गोत्रीय चटौत ब्राह्मणबाट पूजापाठ रुद्री लगाउँने गरिन्छ भने पूजारा थरका जैशी ब्राह्मणबाट सबै कुराको व्यवस्थापन गर्ने गरिन्छ । चिपुर मणको

विष्ट भागेश्वरको द्वार (ढोका) मा नाङ्गो खुकुरी लिएर उभिन्छ । भागेश्वरको पूजामा आएको धुप, पोखल रुपालको मडै (क्षेत्रीजाति) बाट जम्मा गर्ने व्यवस्थापन गर्ने गरिन्छ । यहाँको भागेश्वर देवता गुणाकर जोशी र कमलाकर भाटले काँसीबाट ल्याएका हुन् । भन्ने मान्यता छ । गुणाकर जोशी र कमलाकर भाटका सन्तानले कर्ताको रूपमा यज्ञमा बस्नु पर्दछ । यस सन्तानकाहरूको अनुपस्थिति (जुठोसुत्केरो) भएको खण्डमा टाँटर गाउँ विकास समितिको टाँटर गाउँका जोशी र निरोला भण्डारी ब्राह्मणले कर्ताको रूपमा यज्ञमा बस्नु पर्दछ । पूजा शुद्ध पवित्र वस्तु गाईको दूध गङ्गाको जल पहेलो रङ्ग मात्र चाहिने भएको र रातो रंग भागेश्वरलाई नचढ्ने भएका कारण श्रीखण्डको चन्दनबाट पूजा हुने गर्दछ । भागेश्वरको उत्पति ग्वान्नीका त्रिवड भन्ने दलितजातिको गोठमा कैलुगाईबाट भएको हो भन्ने पनि किवदन्ती छ । रुपालका भारद्वाज गोत्रीय जोशीको बोल भागेश्वरको अवोल भन्ने चलन छ । भागेश्वरलाई पहिला दर्शन रुपाली भारद्धाज गोत्रका जोशीको भएपछि मात्र अन्य नागरिकको दर्शन भागेश्वरलाई हुन्छ । भागेश्वरको पक्षशाला २२ खाम छन् । भागेश्वरको उत्पति नभएको समयमा पाण्डवहरू वनबासकोलागि भागेश्वरको धुराहुँदै जाँदा त्यस धुरामा पानी देखिएन् । त्यसपछि त्यस धुरामा अर्जुनले खड्क प्रहार गरेर पानी निकालेका हुन् । यो पानी निकालेको भनिने जललाई काँसीको जल भन्ने चलन छ । गँगोत्रीको जल मानेर यसै जलले भागेश्वरको पूजा गर्ने गरिन्छ । यस जलको न्वालालाई खड्के न्वालो भन्दछन् । लाकमको कुमैयाँ जोशी (जैसी ब्राह्मण) लठ्ठी लिएर भागेश्वरको द्वारमा उभिन्छ । कालशैनी देवता भागेश्वर भित्रको देवता हो । भागेश्वरको रतीघाट भन्ने स्थानमा पनि पूजा हुने गर्दछ । यो स्थान रुपाल गाउँ विकास समिति ३ नौतडीका भारद्वाज गोत्रीय जोशी ब्राह्मणको जग्गामा पर्दछ । भागेश्वर आएको कालिका देवीले देखेकीहुन् । त्यसैले कालिका भागेश्वरभन्दा पहिलेकी मानिन्छन् । डोटी पालराज्य बिजयगरेपछि कत्युरी राजवंशका पाल राजाका पुरोहित ज्योतिष गणपति र ज्योतिष गुणाकर (ब्राहमण)का कुलदेवता प्राचीन (शिव) बागेश्वर जसलाई डोटी डडेल्धुरा क्षेत्रमा भागेश्वर भनिन्छ यी देवतासंग त देवता होइनस त् लाई म मान्दैन त् भन्दा म ठुलो हुँ भन्दै अवहेलना गर्ने जुम्लाका रैका मल्ल राजाका वंशज नागी मल्ल हुँन | यसै कारणले उनका सन्तान मानिएका जुम्लाको रैका मल्ल राजा ( रैका राजवंश/ मल्ल र शाही) खान्दानकाहरु भागेश्वरको गाथमा जाँदैनन् । यस गाथ भएको स्थान भन्दा एक किलोमिटर टाढा ढ्वारी भन्ने ठाउँमा बस्छन् ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. भागेश्वर मन्दरि कुन पालिकामा रहेको छ ?

२. भागेश्वरको पुजा कहिले कुन मितिमा गरिन्छ ?

३. भागेश्वरमा रातो रंगको प्रयोग नगरिनुको कारण के हो ?

४. भागेश्वरको बारेमा संक्षेपमा लेख्नुहोस् ।

**परियोजना कार्य**

आफू बसोबास गरेको नजिकै रहेको कुनै एक धार्मिक स्थलको भ्रमण गरी उक्त स्थलको नामाकरणको किम्वदन्ती, पूजा आजा र मेला लाग्ने समय तथा अन्य सामाजिक र धार्मिक महत्त्वका बारेमा विभिन्न व्यक्तिसँग सोधपुछ गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

## एकाइ-७ हाम्रो सुदूरपश्चिम

**पाठ-१ सुदूरपश्चिम प्रदेशका जिल्लाहरुको भौगोलिक वनावट र अवस्थिति**

**पाठः २ सुदूरपश्चिम भित्रका पर्यटकीय स्थलहरुको महत्व**

**पाठः ३ प्रदेश भित्रका औद्योगिक तथा व्यापारिक केन्द्रहरु**

**पाठः ४ प्रदेशस्तरका ताल, नदि तथा हिमाल**

**पाठः ५ प्रदेशका निर्वाचन क्षेत्र**

# पाठ-१ सुदूरपश्चिम प्रदेशका जिल्लाहरुको भौगोलिक वनावट र अवस्थिति




भौगोलिक वनावट र अवस्थिति भन्नाले कुनै पनि ठाउँको धरातलिय स्वरुप, माटो, हावापानी, उचाइ, अक्षांश, देशान्तर, आदिको अवस्थालाई जनाउँछ। यसै अनुसार सुदूरपश्चिम प्रदेशमा रहेको छ। जिल्लाहरु हिमाल, पहाड, तराइ गरी तिनै क्षेत्रमा पर्दछन। यो प्रदेश हिमाल, पहाड, तराइ क्षेत्र मिलेर बनेको प्रदेश हो। यहाँका जिल्लाहरुको भौगोलिक वनावट र अवस्थिति फरक फरक रहेको छ। यस प्रदेशमा पर्ने जिल्लाहरुको अवस्थिति यस प्रकार अलग अलग किसिमले व्याख्या गर्न सकिन्छ।

१)**दार्चुला:-** सुदूर पश्चिम प्रदेशको हिमाली क्षेत्रमा पर्ने यो जिल्लाको हावापानी चिसो र ओसिलो छ। यो जिल्ला २९°३६° उत्तर देखि ३०°१५° उत्तरी अक्षांश सम्म र ८०°२२° पूर्व देखी८१°०९° पूर्वी देशन्तर सम्म फैलिएको छ। समुद्री सतहबाट ५१८ मि. देखी ७१३२ मि. को उचाइ सम्म रहेको यो जिल्लाको क्षेत्रफल २३२२ वर्ग कि.मि छ।

२)**बैतडी:-** पहाडी क्षेत्रमा पर्ने सुदूरपश्चिम प्रदेशको यो जिल्लाको हावापानी समशितोष्ण किसिमको छ । यो जिल्ला २९°२२° उत्तर देखि २९°५७° उत्तरी अक्षांश सम्म र ८०°१५° पूर्व देखि ८१°४५° पूर्वी देशान्तर सम्म फैलिएको छ । समुद्री सतहबाट ३९० मि देखि २९५० मि. को उचाइ सम्म रहेको यो जिल्लाको क्षेत्रफल १५१९ वर्ग कि.मि रहेको छ।

३)**डडेल्धुरा**:- सुदूरपश्चिम प्रदेशका तराइका जिल्ला कैलाली र कंचनपुर लाई पहाडी र हिमाली क्षेत्र जिल्लाहरुलाइ जोडने प्रमुख केन्द्रका रुपमा रहेको डडेल्धुरा जिल्ला पहाडी जिल्ला हो । यहाँको हावापानी पनि न धेरै गर्मि र न धेरै चिसो छ । यो जिल्ला २८°५९° उत्तरदेखि २९°२६° उत्तरी अक्षांश सम्म र ८०°१२° पूर्व देखि ८०°४७° पूर्वि देशान्तर सम्म फैलिएको छ । समुद्री सतहबाट ४६२ मि. देखि २६३९ मि. उचाइ सम्म रहेको यो जिल्लाको क्षेत्रफल १५३८ वर्ग कि.मि रहेको छ।

४)**कैलाली**: सुदूरपश्चिम प्रदेशको राजधानी समेत रहेको कैलाली जिल्ला तराइ क्षेत्रमा पर्ने जिल्ला हो । यसको केही भू-भाग पहाडी क्षेत्रमा पनि पर्ने हुनाले हावापानी कतै गर्मी र कतै समशितोष्ण किसिमको छ। यो जिल्ला ८०°२२° उत्तर देखी २९°०५° उत्तरी अक्षांश सम्म र ८०°३०° पूर्व देखि ८१°१८° पूर्वी देशान्तर सम्म फैलिएको छ। समुद्री सतहबाट १०९ मि देखि ९५० मि. को उचाइ सम्म रहेको यो जिल्लाको क्षेत्रफल ३२३५ वर्ग कि.मी रहेको छ।

५)**डोटी**- सुदूरपश्चिम प्रदेशको पहाडी क्षेत्रमा पर्ने यो जिल्लामा संघीय गणतन्त्र नेपालको स्थापना हुनुपर्ने सुदुरपश्चिमको क्षेत्रिय सदरमुकामका रुपमा रहेको प्रमुख व्यापारिक केन्द्र दिपायल पनि पर्दछ । यहाँको हावापानी समशितोष्ण छ। तर कुनै कुनै क्षेत्रमा अत्याधिक गर्मी पनि हुन्छ। यो जिल्ला २८°५४° उत्तर देखी २९°५४° उत्तरी अक्षांश सम्म र पूर्वी देशान्तर सम्म फैलिएको छ । समुद्री सतहबाट ३०० मि. देखी ४००० मि. को उचाइ सम्म रहेको यो जिल्लाको क्षेत्रफल २०२५ वर्ग कि.मि रहेको छ।

६)**कंचनपुर:-** पूर्वी सिमाना कैलाली जिल्ला र पश्चिमी सिमाना महाकाली नदी सँग जोडिएको कंचनपुर जिल्ला सुदूरपश्चिम प्रदेशको तराइ क्षेत्रमा पर्ने जिल्ला हो। यहाँको हावापानी गर्मी छ। यो

जिल्ला २८°३२° उत्तर देखि २९°८° उत्तरी अक्षांश सम्म र ८०°३२° पूर्व देखी ८०°३३° पूर्वी देशान्तर सम्म फैलिएको छ। समुद्री सतहबाट ५४ मि. देखि ४६६ मि. को उचाइ सम्म रहेको यो जिल्लाको क्षेत्रफल १६१० वर्ग कि.मि रहेको छ।

७)**अछाम:-** सुदूरपश्चिमको पहाडी क्षेत्रमा पर्ने अछाम जिल्लाको हावापानी समशितोष्ण छ। यो जिल्ला २८°४५° उत्तर देखि २९°३३° उत्तरी अक्षांश सम्म र ८१°०२° पूर्व देखि ८१°३५° पूर्वी देशान्तर सम्म फैलिएको छ। समुद्री सतहबाट ५४० मि. देखी ३८२० मिटर को उत्तर सम्म रहेको यो जिल्लाको क्षेत्रफल १६९२ वर्ग कि.मि रहेको छ।

८)**बाजुरा:-** सुदूरपश्चिम प्रदेशको हिमाली र पहाडी क्षेत्रको भू-भागमा रहेको बाजुरा जिल्लाको हावापानी चिसो छ। यो जिल्ला २८°१८° उत्तर देखी उत्तरी अक्षांश सम्म र ८०°०९° पूर्व देखी८१°०५° पूर्वी देशान्तर सम्म फैलिएको छ। समुद्री सतहबाट ७२६ मि. देखि ७०३६ मि सम्मको उचाइमा रहेको यो जिल्लाको क्षेत्रफल २१८८ वर्ग कि.मि रहेको छ।

९)**बझाङ:-** पहाडी क्षेत्रमा पर्ने जिल्ला भए पनि यो जिल्लाको धेरै जसो भू-भाग उच्च पहाडी क्षेत्रमा पर्ने हुनाले बझाङ जिल्लाको हावापानी समशितोष्ण र चिसो छ। यो जिल्ला २९°२९°उत्तर देखी ३०°०९° उत्तरी अक्षांश सम्म र ८०°४६°पूर्व देखि ८१°३४°पूर्वी देशान्तर सम्म फैलिएको छ समुद्री सतहबाट ९१५ मि. देखि ७०३१ मि को उचाइ सम्म रहेको यो जिल्लाको क्षेत्रफल ३४२२ वर्ग कि.मि रहेको छ।

## अभ्यास

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस्।**

(क) भौगोलिक अवस्थिति भनेको के हो ?

(ख) क्षेत्रफलको आधारमा सुदूरपश्चिम प्रदेशको सवैभन्दा ठूलो र सवैभन्दा सानो जिल्ला कुन-कुन हुन?

(ग) डडेल्धुरा जिल्लाको भौगोलिक अवस्थिति बारे लेख्नुहोस्।

(घ) समुद्री सतहबाट सवैभन्दा बढी उचाइमा सुदूरपश्चिम प्रदेशको कुन जिल्ला रहेको छ ? उक्त जिल्लाको भौगोलिक वनावट तथा अवस्थिति बारेमा एक अनुच्छेद लेख्नुहोस्।

**परियोजना कार्य:**

तपाइ आफू बसोबास गरेको वार्ड कार्यालय वा अन्य कुनै व्याक्ति सँग सम्पर्क गरी आफ्नो गाउँपालिकाको हावापानी, उचाइ, क्षेत्रफल, अक्षांश र देशान्तर तथा जनसंख्याका बारेमा तथ्याङ्क संकलन गर्नुहोस् र एउटा प्रतिवेदन तयार गर्नुहोस्।

# पाठ-२ प्रदेश भित्रका पर्यटकीय स्थलहरुको महत्व

पर्यटक शब्द व्यापक र विशाल अर्थ बोकेको पर्यटकले आफ्नो जीवनलाई धर्म र संस्कारसँग जोडी घुमफिर गरी मनलाई आनन्दित पार्नमा समर्पित गरेको हुन्छ।



आन्तरिक तथा बाह्य पर्यटकहरु आउने ठाउँलाई पर्यटकीय स्थल भनिन्छ। कुनै पनि ठाउँमा रहेका धार्मिक, ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक स्थलहरु पर्यटकका आकर्षक केन्द्रविन्दु हुन। सुदूर पश्चिम प्रदेश पनि पर्यटकिय स्थल प्रयाप्त भएको प्रदेश हो। तर यहाँ भएका पर्यटकीय स्थलको प्रचार प्रसार नहुँदा यिनीहरुले पर्यटकलाई आकर्षण गर्न सकेका छैनन्। यस प्रदेशका सबै जिल्लामा रहेका पर्यटकीय स्थलहरुको विभिन्न क्षेत्रलाई समेटेको पाईन्छ। यी पर्यटकीय स्थलहरुमा हिमाल तालहरु, मन्दिरहरु, ऐतिहासिक स्थलहरु र प्राकृतिक ठाउँहरु पर्दछन्।



यस प्रदेशमा रहेका पर्यटकीय स्थलहरुमा डडेल्धुराको उग्रतारा मन्दिर, अमरगढी किल्ला, अजयमेरुकोट, भागेश्वर, परशुराम क्षेत्र, आलिताल, कैलालीको घोडाघोडी ताल टीकापुर पार्क, कंचनपुरको दोधरा झोलुङ्गे पुल, शुक्लाफाँटा आरक्ष, वेदकोट ताल,सिद्धनाथ, बैजनाथ मन्दिर, दार्चुलाको अपि हिमाल, गोकुलेश्वर मन्दिर मालिकार्जुन आदि प्रमुख स्थल हुन। त्यसैगरि अछामको रामारोशन क्षेत्र, मंगलसेन दरवार, बझाङको सैपाल हिमाल, सुर्मा सरोवर खप्तड क्षेत्र कैलाश गुफा, बाजुराको खप्तड क्षेत्र, बडीमालिका क्षेत्र, बुढीनन्दा क्षेत्र बैतडीको पाताल भुमेश्वर, त्रिपुरा सुन्दरी, मेलौली, निङलासैनी, गौलेश्वर आदि पर्यटकीय स्थलका रुपमा रहेका छन् भने डोटीको खप्तड राष्ट्रिय निकुञ्ज, छतिवन ताल शैलेश्वरी मन्दिर,सेती नदी आदि पर्यटकीय स्थल हुन्।



पर्यटकीय स्थलहरुको कुनै पनि ठाउँको पहिचान गराउनमा ठूलो महत्व रहेको हुन्छ । पर्यटकहरुलाई आकर्षिक गरेर आर्थिक लाभ लिन, रोजगारी प्राप्त गर्न र पर्यटकीय स्थल नजिक होटल पसल व्यवसाय राम्रो सँग संचालन गर्नमा पर्यटकीय स्थलको महत्व छ । एकातिर पर्यटकहरुको मनलाई आनन्दित पारेर जीवन सुखमय तरिकाले विताउनमा पर्यटकीय स्थलको भूमिका छ भने अर्को तिर पर्यटकहरुलाई अध्ययन अनुसंन्धान गरी ती स्थलका बारेमा विभिन्न जानकारी दिनमा पनि यिनीहरुको महत्व छ ।

सुदूरपश्चिम प्रदेशका प्रत्येक जिल्लाहमा रहेका पर्यटकीय स्थलहरूको संरक्षण गरी व्यापक प्रचार प्रसार का साथै स्थलहमा पर्यटकलाइ आवश्यक पर्ने सेवा र सुविधाको उचित प्रबन्ध का साथै स्थानीयलाई चेतना दिने खालको कार्यक्रम संचालन गर्नु आवश्यक छ ।



**रामारोशन क्षेत्र अछाम**

**उग्रतारा मन्दिर डडेल्धुरा**





**मंगलसेन दरबार अछाम**

’



**परशुराम क्षेत्र डडेल्धुरा**

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. सुदूरपश्चिम प्रदेशमा रहेका पर्यटकीय क्षेत्रहरुको सूची बनाउनुहोस् ।

२. पर्यटनले विकासमा के के फाइदा पुऱ्याउदछ लेख्नुहोस् ।

३. सुदूरपश्चिम प्रदेशमा पर्यटकहरुलाई भित्र्याउन के कस्ता उपायहरु अवलम्वन गर्नुपर्ला बुँदागतरुपमा लेल्नुहोस् ।

४. पर्यटनहरुको आगमनले हुने फाईदाहरु उल्लेख गर्नुहोस् ।

**परियोजना कार्य**

१. सुदूरपश्चिम प्रदेशमा रहेका प्राकृतिक सम्पदाहरु पर्यटकीय सम्भावनाका दृष्ट्रिले हेर्दा महत्वपूर्ण छन् । तर तिनीहरुको विकास तथा पहुँचमा अझैं पनि न्यून रहेको पक्षलाई मध्य नजर गर्दै ती सम्पदाहरुको विकासमा सुदूरपश्चिम सरकारले खेल्नुपर्ने भूमिका बारेमा एउटा लेख लेख्नुहोस् ।

# पाठ-३ प्रदेश भित्रका औद्योगिक तथा व्यापारिक केन्द्रहरु

उद्योगका  लागि आवश्यक पर्ने कच्चा पदार्थ तथा पुँजीको लगानी गरी दक्ष जनशक्ति र उपकरणको प्रयोगबाट वस्तु उत्पादन गर्ने ठाउँलाइ औद्योगिक केन्द्र भनिन्छ भने उद्योग, कृषि तथा अन्य क्षेत्रबाट उत्पादन भएका सामग्रीलाइ  लगेर किनबेच गरिने ठाउँलाए व्यापारिक केन्द्र भनिन्छ । यी केन्द्रहरुले मानिसलाइ रोजगारी उपलब्ध गराउनुको साथै सामग्री उपलब्ध गराएर मानिसको जीवनलाई सुखमय पनि बनाउछ । जुन क्षेत्रमा औद्योगिक तथा व्यापारिक केन्द्र बढी संचालनमा रहेका हुन्छन । त्यस ठाउँमा मानिसको चहलपहल बढी हुनुको साथै यातायातका साधनमा वृद्धि, मालसमानको ढुवानी कृषि उत्पादनमा वृद्धि भइ कैयौ मानिसले रोजगारी पनि प्राप्त गरेका हुन्छन । नेपाल विकासोन्मुख  देशको सूचीमा रहेका कारण यहाँ उद्योगको विकास त्यती हुन सकेको छैन । उद्योगका लागी चाहिने कच्चा पर्दार्थ, उपकरण, दक्ष जनशक्ति,पुँजीको अभावले गर्दा औद्योगिक केन्द्र संचालन हुन सकेका छैनन । त्यसैगरी यातायात, विद्युत्त, पानी, भवन, बजार आदि जस्ता पूर्वाधारको कमीले गर्दा नेपालमा औद्योगिक विकास हुन सकेको छैन ।

सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लामा औद्योगिक केन्द्रको स्थापना हुन नसकेपनि कंचनपुर जिल्लाको वेदकोट नगरपालिकाको दैजीमा  औद्योगिक क्षेत्रको स्थापना गर्न सरकारी क्षेत्रबाट पहल गरी दैजी औद्योगिक क्षेत्र भनी नामाकरण समेत घोषणा भएको छ । त्यस्तै निजी लगानीमा संचालन गर्ने गरी डडेल्धुरा जिल्लामा पनि भटमास उद्योग संचालनको तयारीमा रहेको छ ।

यस प्रदेशमा रहेका व्यापारिक केन्द्रहरुमा कैलालीको धनगढी, अत्तरिया, कंचनपुरको महेन्द्रनगर, झलारी, दैजी, बेलौरी, डडेल्धुराको बागवजार, बैतडीको पाटन, गोठालापानी, मेलौली काँडा, शिवनाथ, दार्चुलाको गोकुले, खलगां, डोटीको दिपायल सिलगढी प्रमुख व्यापारिक केन्द्र हुन । त्यस्तै अछामको मंगलसेन, बाजुराको मार्तडी, बझाङको चैनपुर पनि प्रमुख व्यापारीक केन्द्रको रुपमा रहेका छन । यी भन्दा बाहेक यस प्रदेशमा रहेका हरेक  स्थानीय तह तथा वडा तह तिर पनि स-साना होटल, पसल, व्यावसाय संचालनमा रहेका छन । संघिय शासनका आधारमा राज्यको पुनर्सरचना भए पश्चात जिल्ला सदरमुकाममा पनि मानिसको आवतजावतमा कमी आएको जिल्लाको व्यापारमा कमी आएको छ । प्रदेशमा रहेका व्यापारिक केन्द्रको तुलना गर्दा हिमाली र पहाडी क्षेत्रको  तुलनामा तराईमा रहेका जिल्ला कैलाली र कंचनपुरमा व्यापार व्यवसाय राम्रो रहेको छ । सेवा सुविधामा सहजता आउनु,बसाइसराइ हुनु, रोजगारी प्राप्त

हुनु उब्जाउ भूमी हुनु आदी कारणले गर्दा यी जिल्लामा जनसख्याको चाप बढी छ । कृषि, उद्योग तथा व्यापारका दृष्टिले निकै राम्रो संभावना बोकेका तराइका कैलाली र कंचनपुर जिल्ला सुदूरपश्चिम प्रदेशका लागी अति नै महत्वपूर्ण रहेका छन । यी जिल्लाबाट ठूलठूला मालबाहक गाडीहरुमा विभिन्न वस्तुहरु पहाडी तथा हिमाली क्षेत्रका जिल्लामा ढुवानी हुन्छ । जसबाट पहाडी तथा हिमाली जिल्लामा रहेका व्यापारिक केन्द्रमा पनि व्यापार व्यावसाय राम्रो रहेको छ । यस प्रदेशका हरेक स्थानीय तहमा पनि स-साना व्यापारिक केन्द्र रहेका छन ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस ।**

(क) कस्तो ठाउँलाइ व्यापारिक केन्द्र भनिन्छ ?

(ख) सुदूरपश्चिम प्रदेशमा औद्योगिक क्षेत्रको विकास हुन नसक्नुका कारण के के हुन ?

(ग) व्यापारिक केन्द्रको महत्व लेख्नुहोस ।

(घ) सुदूरपश्चिममा रहेका कुनै १० ओटा व्यापारिक केन्द्रका नाम लेख्नुहोस ।

(ङ) कैलाली र कंचनपुर जिल्लामा व्यापार व्यावसाय राम्रो हुनाको कारण के हो ?

**परियोजना कार्य**

- तपाईको समुदाय नजिक रहेका प्रमुख व्यापार गर्ने ठाउँहरुको नाम लेखी ती ठाउँहरुको व्यापारमा तुलना गरी एउटा प्रतिवेदन तयार पार्नुहोस ।

## पाठ-४ प्रदेशस्तरका ताल, नदी तथा हिमालहरु

सुन्दर सुदूरपश्चिममा अग्ला अग्ला हिमाल।
सजिएको प्रकृति कति राम्रा छन ताल ।।
नदी नाला बगेको पहाड पर्वत सुन्दर।
तराइ पनि रहेको,अरु प्रदेश कुन छर ।।

महाभारत पर्वत छ,अपि नाम्पा सैपाल।
रामारोसन झिलिमिला खप्तड सुर्मा छन ताल ।।
घोडाघोडी आलिताल,वेदकोट अनि छतिवन।
घुम्न आउने सबैको रम्दै खुसी हुने मन ।।

पूर्व बग्ने कर्णाली,पश्चिम महाकाली।
कैयौ नदी बगेको कंचनपुर र कैलाली ।।
हिमालबाट निस्केका चौलानी चमेलिया।
बुढीगंगा रंगुननदी डोटेली र सुर्नया ।।

जेठी बहुरानी हिमाल हाम्रै बझाङ जिल्लामा।
कलकल गर्दै सेति बग्ने हाम्रै डोटी जिल्लामा ।।
मोहना, जमरा, गोदावरी, कैलालीमा बगेका।
नदीनाला मिल्दै बग्दै, समुद्रमा पुगेका ।।

**रचनाकारः करुणाकर पनेरु**

**थप जानकारी**

**महाकाली नदी** नेपालको पश्चिमी भागबाट उत्पन्न भई नेपाल र भारतको सिमानाबाट बग्ने एउटा नदी हो। यस नदीको उद्गम स्थान बृहत्तर हिमालयमा ३,६०० मिटरको उचाइमा स्थित लिम्पियाधुरा नामक स्थानमा छ, जो नेपालको दार्चुला जिल्लाको एक भाग हो। यस नदीको नाम काली माताको नामबाट भएको हो। लिम्पियाधुरा लिपुलेक दराका निकट भारत, नेपाल र तिब्बतको सीमामा स्थित छ। यस नदीको उपल्लो क्षेत्रमा नेपाल र भारतको सीमा बनाउँछ। भारतमा उत्तराखण्ड र उत्तर प्रदेशका मैदानी क्षेत्रहरूमा पुग्दा शारदा नदीका नामले चिनिन्छ।

**कर्णाली नदी** (भारतमा घाघरा नदी पनि भनिन्छ) तिब्बतको समुद्र सतहबाट ३९६२ मिटर उचाईंमा रहेको माप्चोचोङ्गो नामको हिमनदीबाट निस्केर मानसरोवर ताल नजिकै रहेको रकोस सरोवर (जसलाई "राक्षस ताल" पनि भनिन्छ) मा मिसिन्छ। त्यस पछि नेपालमा प्रवेश गरेपछी मुगु जिल्लामा यो करन धखोला अथवा मुगु कर्णालीसँग मिसिन्छ। त्यसै कारण खोलाको नामबाट नै यो नदीको नाम कर्णाली नदी रहन गएको अनुमान छ। यो नदी बाजुरा जिल्ला र हुम्ला जिल्लाको सिमाना हुँदै कालीकोट जिल्लामा पुग्दासम्म यसका धेरै सहायक नदी नालाहरूले गर्दा यसले खोलाबाट नदिको रूप लिन्छ। मुगु जिल्लामा रहेको रारा तालको पानी यो नदीमा मिसिदैं यसले विशाल रूप लिन्छ। त्यसै गरी हुम्ला र बाजुराको सिमानामा यो हुम्ला कर्णाली र बुढीगङ्गामा गएर मिसिन्छ। कालीकोटको लालीघाटमा आएर यो नदीमा जुम्ला जिल्लाबाट आएको तिला नदी मिसिन्छ। यसैगरी अन्य साना खोला नालाहरू साथमा लिएर यो नदी दैलेख जिल्ला र अछाम जिल्ला सुर्खेत जिल्ला र कैलाली को सिमाना हुदै अगाडि बढ्छ र भारतमा गएर मिसिन्छ र घाघरा नदीको नामले चिनिन्छ।

नेपालको सबैभन्दा लामो नदी कर्णाली नदी हो। यसका सहायक नदीहरू : हुम्ला कर्णाली, मुगु कर्णाली, ठूली भेरी, सानीभेरी नदी, तिला, बुढीगंगा नदी र सेती नदी हुन्। कर्णाली नदीको नेपालभित्रको लम्बाइ लगभग ५०७ कि.मी. र जलप्रवाहित क्षेत्र ४९,००० वर्ग कि.मी. छ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर दिनुहोस ।**

(क) सुदूरपश्चिम प्रदेशमा रहेका प्रमुख ५ ओटा तालका नाम लेख्नुहोस ।

(ख) कैलाली जिल्लामा बग्ने नदीहरु कुन कुन हुन ?

(ग) यस प्रदेशमा पर्ने सवभन्दा अग्लो हिमाल कुन हो र यो कुन जिल्लामा पर्छ ?

(घ) नदी नाला बगेर अन्यमा कहाँ पुग्छन ?

(ङ) महाकाली नदीको बारेमा संक्षेपमा लेल्खुहोस् ।

(च) कर्णाली नदीका सहायक नदिहरु कुन कुन हुन् ?

**परियोजना कार्य**

• तपाइ बसोवास गर्ने गाउँ,गाउँपालिका र जिल्लामा भएका नदी,ताल तलैयाको नाम लेखी ती सवैको सुन्दरता र उपयोगिता समेटेर एउटा कविता तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस ।

# पाठ-५ प्रदेशका निर्वाचन क्षेत्र

नेपालको संविधान २०७२ मा व्यवस्था भए अनुसार नेपाल एक संघिय गणतन्त्रात्मक व्यवस्था भएको मुलुक हो । जस अनुसार नेपालमा संघ,प्रदेश तथा स्थानीय सरकार गरी तीन तहका सरकार रहने व्यवस्था छ । संघमा २७५ सदस्य भएको प्रतिनिधि सभा र प्रदेशमा ५५० सदस्य भएको प्रदेश सभा हुने व्यवस्था गरिएको छ । नेपाल लाइ ७ प्रदेशमा विभाजन गरी प्रत्येक प्रदेशमा रहेका जिल्लाबाट प्रतिनिधित्व हुने गरी १६५ जना प्रत्यक्ष निर्वाचित हुन जिल्लामा निर्वाचन क्षेत्र कायम गरिएको छ । प्रतिनिधि सभामा निर्वाचित हुने सदस्य संख्या कायम गरिएको हुन्छ। प्रतिनिधि सभाका प्रत्यक्षबाट निर्वाचित हुने प्रदेशगत संख्या हेर्दा कोशी प्रदेशबाट २८ जना ,मधेस प्रदेश बाट ३२ बाग्मति प्रदेश बाट ३३ जना, गण्डकी प्रदेशबाट १८ जना, लुम्बिनि प्रदेशबाट २७ जना, कर्णाली प्रदेशबाट १२ जना र सुदुरपश्चिम प्रदेशबाट १६ जना प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ ।

सुदूरपश्चिम प्रदेशका ९ ओटै जिल्लाबाट जम्मा १६ जना प्रत्यक्ष सभा सदस्य प्रत्यक्ष निर्वाचित हुन्छन भने प्रदेश सभामा ३२ जना प्रत्यक्ष बाट निर्वाचित हुन्छन। यस प्रदेशका ९ जिल्लाबाट निर्वाचित हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको संख्या यस प्रकार रहेको छ ।

| क्र.स | जिल्ला | प्रतिनिधि सभा सदस्य संख्या प्रत्यक्ष तर्फ | प्रदेश सभा सदस्य संख्या प्रत्यक्ष तर्फ |
|---|---|---|---|
| १ | दार्चुला | १ | २ |
| २ | बैतडी | १ | २ |
| ३ | डडेल्धुरा | १ | २ |
| ४ | कंचनपुर | ३ | ६ |
| ५ | डोटी | १ | २ |
| ६ | बझाङ | १ | २ |
| ७ | अछाम | २ | ४ |
| ८ | बाजुरा | १ | २ |
| ९ | कैलाली | ५ | १० |
| | | १६ | ३२ |

सवैधानिक व्यवस्था अनुसार राज्यका हरेक अंगमा समावेशी कोटा अन्तर्गत समाजका सबै क्षेत्रका व्यक्तिको प्रतिनिधित्व गराउन समानुपातिक निर्वाचन प्रणाली बाट प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्य निर्वाचित हुन्छन । यस प्रणाली अन्तर्गत महिला, दलित, अपाङ्ग, मधेसी जनजाति, खस आर्य पिछिडिएको क्षेत्र बाट सदस्यहरु समेटिन्छन । जस अनुसार नेपालमा प्रतिनिधि सामानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ । प्रदेश सभा मा प्रत्यक्षबाट निर्वाचित हुदे सदस्य संख्या पनि प्रदेश पिच्छे फरक फरक रहेको छ । यी सदस्यमा कोशी प्रदेश  मा ५६ जना, मधेश प्रदेशमा ६४ जना, बाग्मति प्रदेशमा ६६ जना, गण्डकी प्रदेशमा ३६ जना,लुम्बिनि प्रदेशमा ५२ जना ,कर्णाली प्रदेशमा २४ जना, सुदूरपश्चिम  प्रदेशमा ३१ जना रहने व्यवस्था छ । सुदूरपश्चिम प्रदेशको प्रदेश सभामा ३२ जना प्रत्यक्ष र २१ जना समानुपातिक बाट निर्वाचित भई ५३ सदस्यीय  प्रदेश सभा रहेको छ । समानुपातिक तर्फ   कोशी प्रदेश मा ३७ जना, मधेश प्रदेशमा ४३ जना, बाग्मति प्रदेशमा ४४ जना, गण्डकी प्रदेशमा २४ जना,लुम्बिनि प्रदेशमा ३५ जना ,कर्णाली प्रदेशमा १६ जना, सुदूरपश्चिम  प्रदेशमा २१ जना रहने व्यवस्था छ ।

## अभ्यास

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस ।**

(क) सुदूरपश्चिम प्रदेशमा प्रदेश सभामा प्रत्यक्ष निर्वाचित हुने जिल्ला अनुसार हरेक जिल्लाको संख्या कति कति छ ?

(ख) समानुपातिक निर्वाचन प्रणालीमा कुन कुन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी निर्वाचित हुने व्यवस्था छ ?

(ग) नेपालका सबै प्रदेशका प्रदेश सभा सदस्य संख्या कति कति छ ? तालिका मा देखाउनुहोस ।

## परियोजना कार्य

- नेपालमा रहेका सात ओटै प्रदेशमा रहेका प्रदेश सभामा निर्वाचित हुने प्रत्यक्ष र समानुपातिक सदस्य संख्याको सूची बनाउनुहोस । र सात ओटै प्रदेशमा रहेका सदस्य संख्या हेरी तुलनात्मक प्रतिवेदन तयार पार्नुहोस ।

# एकाइ-८ विपद व्यवस्थापन र हरित विद्यालय


## पाठ-१ विपद

## पाठः २ हाम्रा सामुदायिक संघ संस्थाहरु

## पाठः ३ तिन तारे विद्यालय

# पाठ-१ विपद






(निसान र कन्चन बर्षाको समयमा विद्यालय जाँदा विपद् र विपद्का सम्भावित कारणको बारेका कुराकानी गर्दै )

**निसान -** (एक छातामा छाता समाएर अर्को हात हल्लाउदै ) कञ्चन किन ढिलो गरेको बर्षाको समयमा त अलि छिटो निस्कन पर्छ जाउ हिड सबै साथी गइसके ।

**कञ्चन** – समय छदै छनी अस्तीको जस्तै फटाफट गए पुगी हालिन्छ ।

**निसान** - छैन । वर्षाको समयमा हामीले धेरै कुरामा ध्यान पुर्याउनु पर्छ । हिजो अस्तिको समयसँग आजको समयलाई तुलना गर्न मिल्दैन । वर्षाको समयमा हावा, हुरी, असिना, चट्याङ बाढी, पहिरो जस्ता विभिन्न प्राकृतिक विपद्हरु आउन सक्छन् । त्यसैले हिजोको समय भन्दा अलि अगाडि निस्कने की ?

**कञ्चन -** अहो । निसान कति राम्रो कुरा गर्यौ मेरो मानसिकतामा यि कुरा आएकै थिएनन । तिमीले भनेका सबै कुरा बुझे तर यो विपदको बारेमा स्पष्ट भएन म स्पष्ट सँग बुझाइदेउन ।

**निसान** – विपद भन्नले कुनै स्थानमा अपत्कालिन अवस्था सिजना भइ जन, धनको क्षतिको साथै जीपनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैरप्राकृतिक संकट सम्झनु पर्छ ।

**कञ्चन** – प्राकृतिक  विपद भनेको के हो ?

**निसान-** प्रकृतिले सृजित गरेका विपदलाई प्राकृतिक विपद भनिन्छ । जस अन्तर्गत हिमपात, असिना, हिमपहिरो, हिमताल, विस्फोटन, अतिवृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी , बतास शीतलहर, तातो हावाको लहर, चट्याङ, भुकम्प, ज्वालामुखी, डढेलो वा यस्तै अन्य प्राकृतिक विपदबाट उत्पन्न जुनसुकै संकटलाई सम्झनु पर्छ ।

**कञ्चन** –अहो ! निसान कति राम्रो कुरा सिकाइ दियौ तिमीले अव यो गैरप्राकृतिक सङकटको बारेमा पनि बताइ देउन ।

**निसान-** सजिलो कुरा छनी त्यो त गैरप्राकृतिक विपद भन्नाले मानव निर्मित सङकटलाई सम्झिनु पर्छ । यस अन्तर्गत महामारी, अनिकाल, हवाइ, सडक, जल वा औद्योगिक दुर्घटना आगलागी, विषाक्त सौ सेवन, वातावरण प्रदूषण वन विनास, भौतिक संरचनाको क्षति करेन्ट, द्धन्द, झगडा, धारिला हतियार आदि सबै गैर प्रकृतिक सङकट अन्तर्गत पर्दछन ।

**कञ्चन** –मानव निर्मित र प्राकृतिक विपद् आउनुका कारणहरु के-के हुन् ?

**निसान-**सुन कञ्चन म यसको बारेमा बुदाँगत रुपमा बताउछु । प्रकृति र मानव जीवनमा विभिन्न किसिमका सङकटहरु उत्पन्न हुन्छन । यि संङकटहरु उत्पन्न हुने कारणहरु निम्नानुसार छनः

- वनजंगलको विनास
- प्राकृतिक साधन स्रोतको दोहन
- आगलागी
- विभिन्न आधुनिक उपकरण आविष्कार हुनु र तिनिहरुबाट उत्पन्न विभिन्न समस्या ।
- जनचेतनाको कमी
- दिगो विकासका मापदण्डमा आधारित विकास नहुनु ।

**कञ्चन** – समय पनि कति चाडै बितेछ । विद्यालय पुगेको पत्तै भएन । धेरै धेरै धन्यवाद निसान यो महत्वपूर्ण कुरा बताइ दिएकोमा ।

**निसान-** धन्यवाद । तिमीलाई पनि मेरा कुरा सुनी दिएकोमा ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस।**

१. विपद् भनेको के हो ?

२. प्राकृतिक विपद् भनेको के हो ? उदारण सहित स्पष्ट पार।

३. मानव निर्मित विपदमा कुन कुन कुरा पर्दछन।

४. विपद्का कारणहरु उल्लेख गर्नुहोस।

५. विपद न्यूनीकरण गर्न के कस्ता उपायहरु अवलम्बन गर्नु पर्दछ ? लेख्नुहोस्।

**क्रियाकलाप**

१. आफ्नो वरपर भएका विपद्जन्य कुराहरुको सूची बनाइ कक्षामा प्रस्तुत गर्नुहोस।

२. आफूले देखेका प्राकृतिक र गैरप्राकृतिक विपदहरुका नाम टिपोर्ट गरी ती विपद आउनुका कारण के के हुन ? सो विषयमा शिक्षक र विद्यार्थी सामूहिक रुपमा छलफल गर्नुहोस्।

# पाठ-२ हाम्रा समूदायिक संघ संस्था

समाजमा सामाजिक सेवा प्रवाह गर्ने उद्देश्यले सञ्चालित संघ संस्थालाई सामुदायिक संघ संस्था भनिन्छ। हाम्रो समाजमा प्रचलनमा रहेका केही सामाजिक संघ संस्थाको परिचय यस प्रकार रहेको छ।

## १. बालक्लव



सामान्यतया बालबालिकाको हकहितका लागि बालबालिकाद्धारा खोलिएका सङगठन वा संस्थालाई नै बालक्लव भनिन्छ। बालक्लव भनेको बालबालिकाको संगठन हो कम्तिमा २५ जना भन्दा बढी बालबालिकाले आफ्ना साझा उद्देश्यका लागि स्थापना गरिएको संगठन नै बालक्वल हो यस्तो सङ्गठन प्राय कानुन तथा नियम बमोजिम स्थापना गरिनुपर्छ र सरकारले तोकेको कार्यालयमा दर्ता गरिएको हुनुपर्छ र राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनले व्यवस्था गरेका बाल अधिकारको संरक्षण, प्रचार, प्रसार बालबालिकाको साझा सवाललाई सामूहिक रुपमा उठान, सामाजिक सेवा तथा उनीहरुको क्षमता विकास गर्नका लागि बालक्लवहरु गठन र परिचालन गर्ने गरेको छ।

## २. नेपाल स्काउट



नेपालका बालबालिका तथा युवा वर्गलाई स्काउटमा बढी भन्दा बढी मात्रामा सहभागी गराइ तिनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरुलाई अनुशासित, स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउन नेपाल स्काउटको स्थापना भएको हो । नेपाल स्काउट नेपालमा २००९ सालमा स्थापना भएको थियो । यस संस्थाका संस्थापक वेडेन पावेल हुन । स्काउट स्थापनाका उद्देश्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. बालबालिका तथा युवा वर्गलाइ जनसेवी बनाउने ।
२. बालबालिका तथा युवा वर्गलाई कर्तव्य परायण, अनुशासित, स्वावलम्वी, सच्चचरित्रवान तथा सुयोग्य नागरिक बनाउने ।
३. दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरुको उद्धार तथा सहायता कार्यमा नेपाल स्काउटलाई परिचालन गर्ने गराउने सहायता कार्यमा नेपाल स्काउटलाई परिचालन गर्ने गराउने ।
४. सामुदायिक सेवा तथा जनहित सम्बन्धि कार्य गर्ने ।
५. सामाजका हरेक वर्ग तथा समूहलाई शिक्षित पार्ने
६. प्रौढ शिक्षा लगायत विभिन्न कार्यहरु सञ्चालन गर्ने,

### ३. नेपाल रेडक्रस सोसाईटी:



**रेडक्रसका संस्थापक**

नेपाल रेडक्रस सोसाईटीको स्थापना वि.स २०२० भाद्र १९ गते भएको थियो। रेडक्रसका संस्थापक जा हेनरी ड्युना हुन । मानवीय सेवाको लामो यात्रा तय गर्दा धेरै अनुभवहरु र सिकाइहरु लाई आत्मसात गर्दै चुनौतिहरुलाई अवसरमा बदल्दै भविष्यका लागि उपयुक्त मार्गदर्शन निर्धारण गर्न यो संस्था सफल भएको छ । यसको कार्य क्षेत्र शान्तिकालमा सामुदायिक विकास र युद्ध

द्धन्दमा तटस्थ निष्पक्ष भएर मानवीय सेवा गर्नु हो । रेडक्रस अभियानका साथ सिद्धान्त, मानवता निष्पक्षता, तटस्थता, स्वाधिनता, ऐच्छिक सेवा , एकता र विश्वव्यापकता रहेका छन । रेडक्रमले मानवीय सेवा कार्यमा सदैव सहयोग गर्दछ । नेपाल रेडक्रसले विपद् तथा संकट व्यवस्थापनमा विशेष गरेर बाढी, पहिरो, आगलागी, दुर्घटना, चट्याङ, हावाहुरी जस्ता विपदबाट क्षति कम गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । हरेक जिल्लामा विपद राहतकोष स्थापना र राहत सामग्रीको व्यवस्था गरी मानवीय सेवामा यो संस्था अनवरत रुपमा सक्रिय छ ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस।**

१. कस्ता संस्थालाई सामुदायिक संस्था भनिन्छ

२. बालक्लब गठनको उद्देश्य लेख।

३. नेपालमा स्काउट स्थापनाका उद्देश्य बुँदागत रुपमा उल्लेख गर्नुहोस्।

४. नेपाल स्काउटको स्थापना किन भएको हो ?

५. रेडक्रसको कार्य क्षेत्र भित्र कुन कुन कुरा पर्दछन ?

६. रेडक्रस अभियानका कतिवटा सिद्धान्त छन सूची बनाउनुहोस्।

**क्रियाकलाप**

१. आफ्नो वरपर भएका सामुदायिक संस्थाको नाम लेखी उक्त संस्थाले समाज विकासमा पुऱ्याएको योगदान बारे कक्षामा छलफल गर्नुहोस्।

# पाठ-३ तीन तारे विद्यालय



'तारा पद्धति' भन्नाले विद्यालयमा विद्यमान खानेपानी र सरसफाइका सुविधा, स्वच्छता अभ्यासको अवस्था, संस्थागत सुदृढीकरण र दिगोपनासँग सम्बन्धित तोकिएको सूचकहरूको आधारमा विद्यालयले स्वमूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ वा नगरस्तरीय शिक्षा समितिले प्रमाणीकरण गरे अनुसार एक, दुई वा तीन तारामा वर्गीकरण गर्दै खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्धनलाई स्तरीकृत गर्दै लैजाने पद्धतिलाई जनाउछ ।

विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका उपलब्धतालाई मूल्याङ्कन गरी स्तरीकरण गर्न देहायका सूचकहरूको आधारमा तारा पद्धति बमोजिम वर्गीकरण गरिनेछ :

१. पानी

२. शौचालय

३. वातावरणीय सरसफाइ

४.  सफा र हरियाली वातावरण

५. स्वच्छता सुविधा

६. स्वच्छता शिक्षा

७. महिनावारी स्वच्छता व्यवस्थापन सुविधा

८. संस्थागत व्यवस्था र दिगोपना

९.विपत जोखिम व्यवस्थापन

१०. अनुगमन तथा जवाफदेहिता

नेपालमा वि.सं. २०७५ मंसिर १५ थते देखि हरित विद्यालय कार्यक्रमको सुरुवात भएको पाइन्छ। यस कार्यक्रमको मुख्य लक्ष्य प्रत्येक विद्यालयमा कम्तिमा पनि एउटा बगैचा निर्माण र विद्यालय सेवा क्षेत्रका सार्वजनिक स्वामित्वमा रहेका खाली जमिनमा वृक्षारोपण गरी हरियाली युक्त बनाउनु रहेको छ र जसको कारण विद्यालयको वातावरण सफा, शान्त सुरक्षित र हरियाली बन्न जान्छ। विद्यार्थीलाई विद्यालय प्रति उत्प्रेरित गराउन र विद्यालयलाई एक मनोरञ्जन स्थलका रुपमा निर्माण गर्न हरित विद्यालय कार्यक्रम सफल भएको छ।

हरित विद्यालय कार्यक्रमलाई निरन्तरता दिनका लागि तीनतारे विद्यालय घोषणा कार्यक्रम हाम्रो गाउँपलिकामा सञ्चालनमा रहेको छ। सरसफाइ, खानेपानी, शौचालय, फूलबारी, हरियालि

वातातरण आदि लगायतका मापदण्ड पूरा गरेको विद्यालयलाई तीनतारे विद्यालयको रुपमा घोषणा गरिएको छ।

**अजयमेरु गाउँपालिकामा क्रमैसित घोषणा गरिएका तिन तारे विद्यालयहरु**

१ श्री दुर्गास्थान आधारभूत विद्यालय अजयमेरु ३ गुन्पाल

२ श्री भद्रपुर माध्यमिक विद्यालय अजयमेरु ३ भद्रपुर

३ श्री केदारशिशु सुधारक माध्यमिक विद्यालय अजयमेरु ५ मटेला

४ श्री सहश्रलिंग माध्यमिक विद्यालय अजयमेरु २ चमडा

५ श्री मणिलेक माध्यमिक विद्यालय अजयमेरु ४ चिपुर

६ श्री भरतपुर माध्यमिक विद्यालय अजयमेरु ४ भुल्कुडा

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस ।**

१ तारा पद्धति भन्नाले के बुझाउछ ?

२ विद्यालयलाई कुन कुन सूचकका आधारमा तारा पद्धतिमा वर्गिकरण गरिएको हुन्छ ?

३ हरित विद्यालय कार्यक्रमको मुख्य लक्ष्य के हो ?

४ अजयमेरु गाउँपालिकामा घोषणा गरिएका तिन तारे विद्यालयहरु कुन कुन हुन् ?

५ नेपालमा हरित विद्यालय कार्यक्रमको सुरुवात कहिलेदेखि भएको हो ?

**परियोजना कार्य**

आफ्नो नजिक रहेको तिन तारे विद्यालयको भ्रमण गरी त्यहाँ रहेका तिन तारे विद्यालयका सूचकको अध्ययन गरी प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ -४ तिन तारे विद्यालका आधारहरु

नानी बाबु रमाइ रमाइ स्कूलमा आऊ
पढि सिकि सधै भरि खुसिले रमाउ ॥
खानेपानी शौचालय सरसफाईका कुरा
हरियाली वातावरण हुनुपर्छ पूरा ॥

सधै हुने विद्यार्थिको पढने लेख्ने काम
पढि लेखि ठूलो भई राख्छौ देशको नाम॥
बस्नुपर्छ स्कूलमा अनुशासिक भइ
ज्ञान आर्जन गर्नपर्छ स्कूलमा गइ ॥

विद्या नै हो यस्तो चिज जसमा हुन्छ शक्ति
विद्यार्थिले ठान्नुपर्छ विद्यालाई भक्ति ॥
असल मान्छे बनौ हामी लिइ असल बानी
विद्यार्थी हौ हामी साना दुई आखाका नानी ॥

स्कूलमा सिक्छौ हामी नयाँ नयाँ सीप
विद्यार्थीले बाल्नुपर्छ ज्ञानको ज्योति दिप ॥
खानेपानी शौचालय विद्यार्थिलाई सारा
आफ्नो आफ्नो विद्यालय बनाउ तीरतारा ॥

**रचनाकार: करुणाकर पनेरु**

**थप जानकारी**: विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७५ ले कुनै पनि विद्यालयलाई तीनतारे घोषणा गर्नका लागि निम्न सुविधा र मापदण्ड हुनुपर्ने व्यवस्था गरेको छ।

1. **पिउने पानी:** सबै बालबालिकाहरुको पहुँच सहितको सुरक्षित र पर्याप्त पानीको उपलब्धता रहेको।

2. **शौचालय:** सुरक्षित स्थानमा बालमैत्री र अपाङ्गता भएका बालबालिकाका लागि पर्याप्त पानी सहित सुधारिएको शौचालयको व्यवस्था भएको।

3. **वातावरणीय सरसफाई**: सामग्रीहरु प्रयोग घटाउने,पुन प्रयोग गर्ने र पुन चक्रण गर्ने प्रद्धति लागु गरि फोहरको व्यवस्थापन गरिएको।

4. **सफा र हरियाली वातावरण**: विद्यालय भित्रको खाली जमिनमा वृक्षारोपण र बगैचा तथा करेसाबारीको विकास गरिएको।

5. **स्वच्छता सुविधा:** साबुन पानीले हात धुने सुविधामा सवैको सहज पहुँच भई नाली वा सोकपिटको व्यवस्था भएको।

6. **स्वच्छता शिक्षा:** स्वास्थ्य तथा वातवातरण विषयमा विद्यार्थीको व्यक्तिगत सरसफाई र व्यवहारका आधारमा अङ्क दिने व्यवस्था भएको।

7. **महिनाबारी स्वच्छता व्यवस्थापन:** छात्राहरुले महिनावारी सामग्रीको स्वस्थकर प्रयोग र सामग्री तयार वा प्रयोग गर्ने सीपको व्यवस्था गरेको।

8. **संस्थागत व्यवस्था र दिगोपना:** नियमित मर्मत संभारका लागि मर्मतकोषको व्यवस्था,आवश्यक सीप र जगेडा औजारको व्यवस्था भएको।

9. **विपद जोखिम व्यवस्थापन:** खानेपानी र सरसरफाईका संरचनाहरु नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार निर्माण भएको।

10. **अनुगमन तथा जवाफदेहिता:** खानेपानी, सरसफाई तथा महिनावारी स्वच्छता सम्बन्धमा सम्पर्क शिक्षकको व्यवस्था भएको।

समग्रमा विद्यालयलाई राम्रो बनाउनका लागि निम्न व्यक्तिको निम्न भूमिका रहेको हुन्छ ।

वि.व्य.स को- व्यवस्थापन

प्रधानाध्यापकको- लगन

शिक्षकको – चिन्तन

अभिभावकको- मनन

सरोकारवालाको – अनुगमन

कर्मचारीको- ईमान

विद्यार्थीको- अनुशासन

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस ।**

१. तीनतारे विद्यालयका कुनै छ वटा मापदण्डहरु लेख्नुहोस् ।

२. विद्यालयमा वातावरणीय सरसफाईका लागि के के कार्य गर्नुपर्छ ?

३. सम्पर्क शिक्षकका जिम्मेवारी के के रहेका हुन्छन ?

४. स्वच्छता शिक्षा भनेको के हो ?

५. विद्यालयलाई राम्रो बनाउन कुन कुन व्यक्तिको के कस्तो भूमिका रहेको हुन्छ ?

**परियोजना कार्य**

तपाईको नजिक रहेको तीनतारे विद्यालयको भ्रमण गरी त्यहाँका प्र.अ, शिक्षक तथा विद्यार्थीसँग छलफल गरी अवलोकन तथा छलफलबाट प्राप्त जानकारी समेटेर एउटा प्रतिवेदन तयार पार्नुहोस ।